क. कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम कामकारोवार गर्ने

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
Truly a Nepali Bank


नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड
NEPAL INVESTMENT BANK LIMITED
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत पत्र प्राप्त संस्था
केन्द्रिय कार्यालय, दरवारमार्ग, काठमाण्डौं ।
फोन नं : ४२२८२२९, फ्याक्स नं : ४२२६३४९, ४२२८९२७
Email: info@nibl.com.np, Website: www.nibl.com.np

को
(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

# "विवरणपत्र"

सात वर्ष अवधि तथा वार्षिक ८.५० प्रतिशत ब्याजदर भएको प्रति ऋणपत्र रु.१,०००/- अंकित मूल्यका ४० लाख कित्ताले हुन आउने रु.४ अर्ब बराबरको "८.५० प्रतिशत नेपाल इन्भेष्टमेण्ट बैंक बण्ड २०८४"को २४ लाख कित्ता ऋणपत्रले हुन आउने कूल रु.२४० करोड ऋणपूँजी रकम व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने तथा १६ लाख कित्ता ऋणपत्रले हुन आउने कुल रु.१६० करोड ऋणपूँजी रकम (सो मध्ये ५% अर्थात ८०,००० कित्ता ऋणपत्र सामुहिक लगानी कोषका लागि छुट्टयाएको समेत) सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशनबाट बिक्री गरिने ।

**दरखास्तसाथ प्रति ऋणपत्र रु.१,०००/–को दरले (शत् प्रतिशत) भुक्तानी माग गरिएको।**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व. ०७४/०७५ | आ.व. ०७५/०७६ | आ.व. ०७६/७७ (अपरिष्कृत) | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ | आ.व. ०७९/०८० |
| प्रति शेयर नेटवर्थ (रु.) | २३४ | १९९ | १९२ | २१२ | २२८ | २४८ |
| प्रति शेयर आम्दानी (रु.) | ३५.६६ | २६.४३ | १८.०७ | २५.७८ | ३१.३५ | ३५.२६ |
| संचित नाफा नोक्सान (रु. हजारमा) | २७,३५,०२६ | २०,६४,६६२ | १६,२३,१०० | ३२,८६,४०७ | ३७,३५,०६८ | ४६,३३,१४२ |

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ८** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियामक निकायको जवाफदेहीता नरहने उद्घोषण :**

सार्वजनिक निष्काशन मार्फत उल्लेखित धितोपत्र बिक्रि गर्नको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी कानुन बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

यस बैंकलाई ईक्रा नेपाल लिमिटेडले समयमा नै वित्तिय दायित्व पुरा गर्ने सम्बन्धमा पर्याप्त मात्रामा सुरक्षा जनाउने **"[ICRANP-IR]- A" (Pronounced as ICRA NP Issuer Rating Single A)** रेटिङ्ग मिति २०७७/०३/३१ मा प्रदान गरेको छ। उक्त क्रेडिट रेटिङ्ग प्राप्त गर्ने संस्थाहरुलाई समयमा नै वित्तिय दायित्व पुरा गर्ने सम्बन्धमा पर्याप्त मात्रामा सुरक्षीत मानिन्छ। यस्ता संस्थाहरुमा जोखिमको दृष्टिकोणमा न्यून कर्जा जोखिम रहेको हुन्छ।

यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण (Unsecured Debt) भएको र कथंकदाचित् बैंक टाटपल्टिएमा अन्य सुरक्षित साहु निक्षेपकर्ता भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण (Subordinated Debt) भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक बैंकको सम्पत्तिमा ऋणपत्रवालाको कुनै निर्दिष्ट हक (Specific Charge) अधिकार हुने छैन। यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रवालाको बैंकको सम्पत्तिमा द्वितीय हक हुनेछ। बैंकको सम्पत्तिमा सुरक्षित साहु र निक्षेपकर्ताको प्रथम हक लाग्नेछ।

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति : २०७७/०८/१८
नेपाल राष्ट्र बैंकमा विवरणपत्र दर्ता भएको मिति : २०७७/०८/२२
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०७७/०९/०३

निष्काशन खुल्ला हुने मिति : २०७७/१०/१६
निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७७/१०/२०
निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०७७/१०/३०

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरणपत्र निष्काशन तथा बिक्री प्रबन्धक, निष्काशनकर्ता कम्पनीको साथै नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ।

**धितोपत्र निष्काशक :**
नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड, दरवारमार्ग काठमाण्डौं ।
फोन नं. : ०१-४२४२५३०
फ्याक्स : ०१-४२३३६३८
वेभसाइट : www.nibl.com.np

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
Truly a Nepali Bank

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**
आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौ ।
फोन नं. : ०१-५३४३२६५, ०१-५३४०९३२
फ्याक्स : ०१-५३४५०१८
ईमेल : rbbmbl@rbbmbl.com.np, वेभसाइट : www.rbbmbl.com.np

आरविवि मर्चेन्ट बैंकिङ्ग लि.
RBB MERCHANT BANKING LTD.
A subsidiary company of Rastriya Banijya Bank Ltd.

**ख. १. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

क) **“विवरणपत्र”** भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ।

ख) **“धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक”** भन्नाले आरबिबि मर्चेन्ट बैकिङ्ग लिमिटेडलाई सम्झनु पर्दछ।

ग) **“कम्पनी/बैंक”** भन्नाले निष्काशनकर्ता कम्पनी नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडलाई सम्झनु पर्दछ।

घ) **“संकलन केन्द्र”** भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थालाई सम्झनु पर्दछ।

ङ) **“निष्काशन बैंक”** भन्नाले सार्वजनिक निष्काशनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको बैंकहरुलाई सम्झनु पर्दछ।

च)**“नियमन निकाय”** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंकलाई सम्झनु पर्दछ।

छ) **“संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन”** भन्नाले नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडका संस्थापक, संचालक, प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापनलाई सम्झनु पर्दछ।

ज) **“बोर्ड”** भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ।

झ) **“आधारभुत शेयरधनी”** भन्नाले बैंकको चुक्ता पूँजीको १ प्रतिशत वा सो भन्दा बढी शेयर धारण गरेको शेयरधनीलाई सम्झनु पर्दछ।

**ख.२. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :**

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | आरबिबि मर्चेन्ट बैकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौं र वेवसाइट : www.rbbmbl.com.np |
| २. | नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड, दरवारमार्ग, काठमाण्डौं तथा बैंकको सम्पूर्ण शाखा कार्यालयहरु र वेवसाइट : www.nibl.com.np |

| सि.नं. | दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त सि आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु तथा तिनका तोकिएका शाखा कार्यालयहरु। |

व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने हकमा बिक्री प्रवन्धकले बैंकसँगको सहमतीमा खरिदकर्ताहरु खोजी गरि आपसी सहमतीमा वितरण गरिने छ।

**ग.१. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई नेपाल इन्भेष्टमेण्ट बैंक लि. तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**ग.२.संगठित संस्थाको उद्घोषण :**

**क) संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ख) संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस नेपाल इन्भेष्टमेण्ट बैंक लि. ले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग) नियमन निकायको नियमन व्यबस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय,नेपाल राष्ट्र बैंक आदि)को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजिनक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा तथा अरु नियमनकारी निकायहरुमा पेश गरेका छौं ।

**घ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

क. यस बैंकको संस्थापक, संचालक वा प्रमुख कार्यकारी अधिकृत कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

ख. यस बैंकको संचालक वा प्रमुख कार्यकारी अधिकृत कालो सूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुख छैनन् ।

ग. सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत यस बैंकको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।

घ. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पुरा नभएको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत यस बैंकको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।

ङ. यस बैंकको संचालक वा प्रमुख कार्यकारी अधिकृत धितोपत्र सम्बन्धी ऐनको दफा १०८ वमोजिम अयोग्य रहेका छैनन् ।

**ग.३.संगठित संस्था सम्बन्धी जानकारी :**

**(क) संगठित संस्थाको पृष्ठभूमी :**

**(१) संस्थाको नाम** : नेपाल इन्भेष्टमेण्ट बैंक लि. **(Nepal Investment Bank Ltd.)**

**(२) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुराः** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**(३) संस्थाको रजिष्टर्ड ठेगानाः** बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१ दरबारमार्ग रहेको छ ।

**(४) कारोवार गर्ने मूख्य स्थान :** दरबारमार्ग, काठमाण्डौमा बैंकले आफ्नो केन्द्रीय कार्यालय खोली बैंकिङ्ग कारोवार गरिरहेको छ । यसको अतिरिक्त बैंकले नेपाल राष्ट्र बैंकको स्विकृति लिई नेपाल राज्यभर देहायको स्थानहरुबाट आफ्नो शाखाहरु खोलि कारोबार संचालन गर्दै आएको छ ।

| सि.नं. | शाखा कार्यालय | शाखा रहेको स्थानिय तह, जिल्ला र प्रदेश |
|---|---|---|
| १. | न्यूरोड | काठमाण्डौ महानगरपालिका, काठमाण्डौ, बाग्मती प्रदेश |
| २. | पुतलीसडक | काठमाण्डौ महानगरपालिका, काठमाण्डौ, बाग्मती प्रदेश |
| ३. | ठमेल | काठमाण्डौ महानगरपालिका, काठमाण्डौ, बाग्मती प्रदेश |
| ४. | कालिमाटी | काठमाण्डौ महानगरपालिका, काठमाण्डौ, बाग्मती प्रदेश |
| ५. | बत्तिसपुतली | काठमाण्डौ महानगरपालिका, काठमाण्डौ, बाग्मती प्रदेश |
| ६. | गोंगबु | काठमाण्डौ महानगरपालिका, काठमाण्डौ, बाग्मती प्रदेश |
| ७. | बौद्ध | काठमाण्डौ महानगरपालिका, काठमाण्डौ, बाग्मती प्रदेश |
| ८. | त्रिपुरेश्वर | काठमाण्डौ महानगरपालिका, काठमाण्डौ, बाग्मती प्रदेश |

| | | |
|---|---|---|
| ९. | भोटाहिटी | काठमाण्डौ महानगरपालिका, काठमाण्डौ, बाग्मती प्रदेश |
| १०. | नयाँ बानेश्वर | काठमाण्डौ महानगरपालिका, काठमाण्डौ, बाग्मती प्रदेश |
| ११. | धुम्बाराही | काठमाण्डौ महानगरपालिका, काठमाण्डौ, बाग्मती प्रदेश |
| १२. | लाजिम्पाट | काठमाण्डौ महानगरपालिका, काठमाण्डौ, बाग्मती प्रदेश |
| १३. | महाराजगञ्ज | काठमाण्डौ महानगरपालिका, काठमाण्डौ, बाग्मती प्रदेश |
| १४. | बीरगञ्ज | बीरगंज महानगरपालिका, पर्सा, प्रदेश २ |
| १५. | बुटवल | बुटवल उपमहानगरपालिका, बुटवल, प्रदेश ५ |
| १६. | भैरहवा | सिद्धार्थनगर नगरपालिका, भैरहवा, प्रदेक ५ |
| १७. | पुल्चोक | ललितपुर महानगरपालिका, पुल्चोक, बाग्मती प्रदेश |
| १८. | लगनखेल | ललितपुर महानगरपालिका, पुल्चोक, बाग्मती प्रदेश |
| १९. | जितपुर | सिमरा जितपुर उपमहानगरपालिका, जितपुर प्रदेश २ |
| २०. | सिपाडोल | सुर्य बिनायक नगरपालिका, सुर्यबिनायक, बाग्मती प्रदेश |
| २१. | बनेपा | बनेपा नगरपालिका, बनेपा, बाग्मती प्रदेश |
| २२. | चिप्लेढुङ्गा | पोखरा लेखनाथ महानगरपालिका, पोखरा, गण्डकी प्रदेश |
| २३. | लेकसाईड पोखरा | पोखरा लेखनाथ महानगरपालिका, पोखरा, गण्डकी प्रदेश |
| २४. | बिराटनगर | बिराटनगर उपमहानगरपालिका, बिराटनगर, प्रदेश १ |
| २५. | इटहरी | इटहरी उपमहानगरपालिका, इटहरी, प्रदेश १ |
| २६. | विर्तामोड | बिर्तामोड नगरपालिका, बिर्तामोड, प्रदेश १ |
| २७. | नारायणगढ | भरतपुर महानगरपालिका, नारायणगढ, बाग्मती प्रदेश |
| २८. | पर्सा | खैरहनी नगरपालिका, पर्सा, बाग्मती प्रदेश |
| २९. | पटिहानी | भरतपुर महानगरपालिका, पटिहानी, बाग्मती प्रदेश |
| ३०. | जनकपुर | जनकपुर उपमहानगरपालिका, जनकपुर, प्रदेश २ |
| ३१. | नेपालगञ्ज | नेपालगंज उपमहानगरपालिका, नेपालगंज, प्रदेश ५ |
| ३२. | धनगढी | धनगढी उपमहानगरपालिका, धनगढी, सुदुर पश्चिम प्रदेश |
| ३३. | सुर्खेत | बिरेन्द्र नगर नगरपालिका, सुर्खेत, कर्णाली प्रदेश |
| ३४. | खलंगा | चन्दननाथ नगरपालिका, खलंगा, कर्णाली प्रदेश |
| ३५. | हेटौडा | हेटौडा उपमहानगरपालिका, हेटौडा, बाग्मती प्रदेश |
| ३६. | पाल्पा | तानसेन नगरपालिका, तानसेन, प्रदेश ५ |
| ३६. | लुक्ला | खुम्बु पासाङल्हामु गाउँपालिका, लुक्ला, प्रदेश १ |
| ३८. | तुलसीपुर | तुलसीपुर उपमहानगरपालिका, तुलसीपुर, ५ |
| ३९. | कृष्णनगर | कृष्णनगर नगरपालिका, कृष्णनगर, प्रदेश ५ |
| ४०. | गाईघाट | त्रियुगा नगरपालिका, गाईघाट, प्रदेश १ |
| ४१. | लालबन्दी | लालबन्दी नगरपालिका, लालबन्दी, प्रदेश २ |
| ४२. | बरथहवा | बरहथवा नगरपालिका, बरहथवा, प्रदेश २ |
| ४३. | दमौली | ब्यास नगरपालिका, दमौली, गण्डकी प्रदेश |
| ४४. | वालिङ्ग | वालिङ्ग नगरपालिका, वालिङ्ग, गण्डकी प्रदेश |
| ४५. | मन्थली | मन्थली नगरपालिका, मन्थली बाग्मती प्रदेश |
| ४६. | दोलखा | विगु गांउ पालिका, सिंगटी, बाग्मती प्रदेश |
| ४७. | टिमुरे | गोसाईकुण्ड गा.उ पालिका, टिमुरे, बाग्मती प्रदेश |
| ४८. | दिपायल | दिपायल सिलगढी नगरपालिका, दिपायल, सुदुर पश्चिम प्रदेश |
| ४९. | मंगलसेन | मंगलसेन नगरपालिका, मंगलसेन, सुदुर पश्चिम प्रदेश |
| ५०. | नारायणचौर | काठमाण्डौ महानगरपालिका, काठमाण्डौ, बाग्मती प्रदेश |
| ५१. | जावलाखेल | ललितपुर उपमहानगरपालिका, जावलाखेल, बाग्मती प्रदेश |
| ५२. | उर्लावारी | उर्लावारी नगरपालिका, उर्लावारी, प्रदेश १ |
| ५३. | किर्तिपुर | किर्तिपुर नगरपालिका, किर्तिपुर, बाग्मती प्रदेश |
| ५४. | चावहिल | काठमाण्डौ महानगरपालिका, चावहिल, बाग्मती प्रदेश |
| ५५. | प्युठान | प्युठान नगरपालिका, प्युठान, प्रदेश ५ |
| ५६. | खाँदबारी | खाँदबारी नगरपालिका, खाँदबारी, प्रदेश १ |
| ५७. | बाफल | काठमाण्डौ महानगरपालिका, काठमाण्डौ, बाग्मती प्रदेश |
| ५८. | पाँचथर | फाल्गुनन्द गाउँपालिका, राँके, प्रदेश १ |
| ५९. | चनौली,चितवन | भरतपुर महानगरपालिका, चनौली, बाग्मती प्रदेश |
| ६०. | दलदले,नवलपरासी | देबचुली नगसरपालिका, दलदले, गण्डकी प्रदेश |
| ६१. | कौशलटार | मध्यपुर ठिमि नगरपालिका, कौशलटार, बाग्मती प्रदेश |
| ६२. | नग्मा,कालिकोट | तिलागुफा नगरपालिका, नग्मा, कर्णाली प्रदेश |
| ६३. | डाब,दैलेख | आठबीस नगरपालिका, डाबा, कर्णाली प्रदेश |

| | | |
|---|---|---|
| ६४. | जलजला,पर्वत | जलजला गाउंपालिका, जलजला, गण्डकी प्रदेश |
| ६५. | बैतडी | सुर्नय गाउँपालिका, सतबाँझसुदुर पश्चिम प्रदेश |
| ६६. | तिवारी भज्याङ,भोजपुर | पौवा डुङ्गमा गाउंपालिका, तिवारी भज्याङ, प्रदेश १ |
| ६७. | सिंगटी, दोलखा | बिगु गाउँपालिका, दोलखा, बाग्मती प्रदेश |
| ६८. | चोकदे, नुवकोट | सूर्यगढी गाउँपालिका, नुवकोट, बाग्मती प्रदेश |
| ६९. | राँके, पाँचथर | फालेगुनन्द गाउँपालिका, पाँचथर, प्रदेश १ |
| ७० | लिखु, धोबीबजार | लिखु – तामाकोशी गाउँपालिका, रामेछाप, बाग्मती प्रदेश |
| ७१. | जुंगर, त्रिवेणी | त्रिवेणी गाउँपालिका, रोल्पा, प्रदेश ५ |
| ७२. | लान्ती | छत्रेश्वरी गाउँपालिका, सल्यान, कर्णाली प्रदेश |
| ७३. | पिस्कर | त्रिपुरासुन्दरी गाउँपालिका, सिन्धुपाल्चोक, बाग्मती प्रदेश |
| ७४. | कालिकाखेतु | हिमा गाउँपालिका, जुम्ला, कर्णाली प्रदेश |
| ७५. | झोता | केदारस्यूँ गाउँपालिका, बझाङ, प्रदेश |
| ७६. | बहाने | नौबहिनी गाउँपालिका, प्यूठान, प्रदेश ५ |
| ७७. | शान्तीनगर | शान्तीनगर गाउँपालिका, दाङ, प्रदेश ५ |
| ७८. | हिकिला | दुहुन गाउँपालिका, दार्चुला, सुदुर पश्चिम प्रदेश |
| ७९. | पेप्सीकोला | काठमाण्डौं , बाग्मती प्रदेश |
| ८०. | देवान गंज | सुनसरी, प्रदेश १ |
| ८१. | न्युरोड II | काठमाण्डौं , बाग्मती प्रदेश |
| ८२. | वालुवाटार | काठमाण्डौं , बाग्मती प्रदेश |
| ८३. | महेन्द्र नगर | भिमदत्त नगरपालिका वडा नं. ४ कन्चनपुर सुदुर पश्चिम प्रदेश |

**(५) संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

नेपाल इन्भेष्टमेण्ट बैंक लि., प्रचलित कम्पनी ऐन तथा बाणिज्य बैंक ऐन अन्तर्गत २०४२ साल माघ ६ गते उद्योग तथा बाणिज्य मन्त्रालय, बाणिज्य विभागमा दर्ता भएको हो । यस बैंकले बाणिज्य बैंक ऐन, २०३१ अन्तर्गत बाणिज्य बैंकको रुपमा बैंकिङ्ग कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट मिति २०४२ साल माघ २२ गते ईजाजत पत्र प्राप्त गरी आफ्नो सेवा संचालन गर्दै आइरहेको छ । नेपाल भित्र वैदेशिक प्रविधि तथा लगानी सम्झौतामा निजी क्षेत्रबाट बैंक स्थापना गरी देशका बिभिन्न ठाउँमा बैंकिङ्ग सेवा उपलब्ध गराउने अभिप्रायले यस बैंकको स्थापना भएको हो । सो मुताविक यसले आफ्नो कार्यक्षेत्रलाई विस्तार गर्दै स्वदेश तथा विदेशका बिभिन्न ठाउँमा बैंकिङ्ग सेवा पुर्‍याउँदै आएको छ । यस बैंकको संस्थापकहरु तथा संचालकहरु बैंकिङ्ग तथा वित्तीय क्षेत्र तथा व्यवस्थापनमा लामो समय देखि आबद्ध रहेको व्यक्तित्वहरु हुनुहुन्छ ।

साथै आफूलाई थप सबल तथा मजबुत बनाई आफ्ना ग्राहकहरुलाई उत्कृष्ट सेवा प्रदान दिने समेत उद्देश्यले यस बैंकले साविक एस डेभलपमेण्ट बैंक लि.लाई मिति २०७४/०३/२९ गते देखि र साविक जेबिल्स फाईनान्स लि. लाई मिति २०७६/०३/३० गते आफूले प्राप्ति गरी एकीकृत कारोबार शुरु गरेको थियो । यस बैंक The Financial Times Group’s The Banker ,UK based Bank magazine बाट क्रमशः Bank of the year 2003, 2005, 2008, 2010 तथा 2016 गरी पांच पटक उक्त अर्वाड प्राप्त गर्न सफल एक मात्र बैंक भएको छ । त्यस्तै, यो बैंकले “Euromoney excellence- Best Bank Nepal 2018” अन्तराष्ट्रिय पुस्कार प्राप्त गरेको छ । बैंकले यो अर्वाड पहिलो पटक प्राप्त गरेको हो ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित ऐनको अधिनमा रही वित्तीय कारोबार (बैंकिङ्ग व्यवसाय) गर्ने यस बैंकको मूख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

अ) बैंकका निक्षेपकर्ताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै वित्तीय सेवाबाट बञ्चित रहेका समुदायलाई प्राथमिकता दिई स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग सेवा उपलब्ध गराउने,

आ) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशिल व्यवसायको विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुर्‍याउने,

इ) उपलब्ध शिप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादनमूलक, रोजगारीमूलक व्यवसायको स्थापना, संचालन, विकास, विस्तार एवं प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने,

ई) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

बैंकको विगतका वर्षहरुको प्रमुख वित्तीय परिसूचक एवं लाभांश विवरणहरु देहाय बमोजिम रहेका छन् :

| क्रम संख्या | विवरण | सुचाङ्क | आ.व.२०७४।७५ | आ.व.२०७५।७६ | *आ.व.२०७६।७७ |
|---|---|---|---|---|---|
| १. | मूल्य आम्दानी अनुपात (PE Ratio) | अनुपात | १७.४ | १९.६ | २३.८८ |
| २. | खुद नाफा कुल सम्मत्ति | प्रतिशत | २.१३ | १.७९ | १.१५ |
| ३. | निष्क्रिय कर्जा/कुल कर्जा | प्रतिशत | १.३६ | २.७८ | २.९१ |
| ४. | आधार दर | प्रतिशत | ९.०२ | ८.७४ | ७.५१ |
| ५. | कूल पूंजिकोष | प्रतिशत | १२.६६ | १३.२६ | १३.२३ |
| ६. | बोनश शेयर | प्रतिशत | १८ | १०.५ | – |
| ७. | नगद लाभांश | प्रतिशत | २२ | ८.५ | – |

*अपरिष्टकृत वासलात

**(६) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :**

कम्पनी ऐन, २०६३ तथा धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम स्थापित एनआईबिएल एस क्यापिटल लि.,(साविक एनआईबिएल क्यापिटल मार्केट्स लि. तथा साविक एस क्यापिटल लि. मिति २०७४/१०/२८ गते देखि एक आपसमा गाभिई एकिकृत कारोबार सुरु गरी नाम परिवर्तन भएको) लाजिम्पाट, काठमाण्डौं यस बैंकको हालको अवस्थामा शत्प्रतिशत लगानी रहेको सहायक कम्पनी हो । एनआईबिएल एस क्यापिटल लि., कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६७/११/२५ गते दर्ता भई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट मिति २०६९/३/४ गते मर्चेन्ट बैकिङ्ग सम्बन्धी कार्य गर्नका लागि इजाजतपत्र प्राप्त गरी उक्त कम्पनीले मिति २०६९/४/१६ गते देखि आफ्नो कारोबार संचालन गर्दै आइरहेको छ । उक्त कम्पनीले हाल निष्काशन तथा बिक्री प्रबन्धक, धितोपत्र प्रत्याभूतिकर्ता, शेयर रजिष्ट्रार,लगानी व्यवस्थापक, निक्षेप सदस्य, योजना व्यवस्थापक तथा डिपोजिटरीको लागि नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त गरी उक्त सेवाहरु प्रदान गर्दै आइरहेकोछ । एनआईबिएल एस क्यापिटल लिमिटेडको मूख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ ।

क) कम्पनीका शेयरधनीहरुको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्ने ।
ख) लगानीकर्ताहरुलाई धितोपत्र व्यव्सायीको रुपमा गुणस्तरीय तथा भरपर्दो सेवा उपलब्ध गराउने ।
ग) लगानीकर्ताहरुको पूँजी बजार तर्फको विश्वसनियता अभिबृद्धि गर्न आवश्यक कार्य संचालन गर्ने ।
घ) नयाँ तथा हाल कायम पूँजी बजारसँग सम्बन्धित सेवाको विकास विस्तार गर्न नेपाल धितोपत्र बोर्ड सँग आवश्यक समन्वय गर्ने तथा आवश्यकता अनुसार स्वीकृती प्राप्त गरी उच्चस्तरीय सेवा प्रदान गर्ने ।
ङ) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा पूँजी बजार सँग सम्बद्ध सुविधाहरु उपलब्ध गराउन आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यबस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई देशको पूँजी बजारको समग्र विकासका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने ।

**(७) अन्य विवरणहरु :**

**(क) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :**
बैंकले प्रदान गर्ने मुख्य सेवाहरुमा निक्षेप संकलन, कर्जा प्रवाह, रकमान्तर, रेमिट्यान्स तथा अन्य बैंकिङ्ग सेवाहरु रहेका छन् । साथै बैंकले लगानीको माध्यमबाट आफ्नो पूँजीको सही उपयोग गर्दै आएको छ ।

**(ख) प्रयोग भएको वा गरिने प्रविधि :**
बैंक सेवा प्रदायक कम्पनी भएकोले माथि खण्ड क मा उल्लेखित सेवा प्रदान गर्न आवश्यक प्रविधि।

**(ग) कुनै ब्राण्डनेम, प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सो नभएको ।

**(घ) संगठित संस्थाले ओगटेको बजार क्षेत्र:**
हाल सम्मको तथ्याङ्क अनुसार कूल निक्षेप (विदेशी मुद्राको निक्षेप सहित) को ४.८३% हिस्सा बैंकको रहेको छ । साथै कर्जा तथा सापट अन्तर्गत हालसम्म बैंकले कूल बजारको ४.८६% हिस्सा ओगटेको छ ।

**(ङ) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना:** समय सापेक्ष नयाँ उत्पादन तथा वित्तीय सेवाको विकास गरी सम्भाव्य ग्राहकहरुको पहिचान गरेर आफ्नो व्यापार विस्तार गर्ने योजना रहेको छ ।
बैंकले निष्काशन गर्न लागेको ऋणपत्रको अवधि ७ वर्ष रहेको र व्याजदर ८.५ प्रतिशत रहेकोले यसमा लगानी गर्ने लगानीकर्ताहरुको लागि जोखिम रहित उच्चतम प्रतिफल हुने हुनाले बैंकले जारी गर्न लागेको ऋणपत्रले लगानीकर्तालाई आर्कषण गर्न सक्नेछ ।

**(च) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**
बैंकको प्रमुख बजार नेपाल राज्यभर रहेको छ र हरेक वर्गका ग्राहकको आवश्यकता अनुरुप सेवाहरु उपलब्ध गराउँदै लैजाने बैंकको लक्ष्य रहेको छ ।

**(छ) उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति :**
बैकिङ्ग क्षेत्रमा लामो अनुभव हासिल गर्नु भएका संचालक/व्यवस्थापन दक्षताको आधारमा यस कम्पनीले स्थापनाकाल देखि नै बजारको राम्रो हिस्सा ओगट्न र ग्राहकलाई राम्रो सुविधा प्रदान गर्न सफल रहेको देखिन्छ।

**(ज) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :** सो नभएको ।

**(झ) गुण (जोखिम) नियन्त्रणको लागि गरिएको व्यवस्था :** बैंकमा जोखिम पहिचान तथा न्यूनीकरण गर्ने जोखिम व्यवस्थापन विभाग स्थापना रहेको छ । संस्थाभरि नै प्रभावकारी आन्तरिक नियन्त्रण कायम गर्नका लागि बैंकले विभिन्न नीति, निर्देशन तथा प्रक्रियाहरु तर्जुमा गरी अवलम्बन गरेको छ । प्रत्येकजसो जोखिमपूर्ण क्षेत्रहरुमा 'चेक एन्ड ब्यालेन्स' प्रणाली कार्यान्वयन गरेको छ । यसका लागि बैंकले जोखिम व्यवस्थापन समिति गठन गरी बैंकको समग्र जोखिम व्यवस्थापन संरचना हेर्ने र जोखिम व्यवस्थापन प्रणालीको प्रभावकारिताको समीक्षा तथा अनुगमन गर्ने जिम्मेवारी दिईएको छ । साथै यस समितिले प्रतिपादित नीति, निर्देशन तथा प्रक्रियाहरु अद्यावधिक गर्ने र जोखिम पहिचान र निराकरण हुने सुनिश्चित गर्न यिनीहरुको आवधिक समीक्षा तथा पुनरावलोकन गर्ने गरिएको छ जसले गर्दा भविश्यमा आउन सक्ने जोखिमलाई समयमानै व्यवस्थापन गर्न बैंक सक्षम हुने छ ।

**(ञ)अनुसन्धान तथा विकास :**
नेपालको बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा प्रतिस्पर्धात्मक स्थिति रहेको आजको पृष्ठभूमीमा बैंकले अनुसन्धान तथा विकासलाई उच्च प्राथमिकताका साथ अघि बढाईरहेको छ ।

**(ट) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :**
विश्वव्यापी रुपमा भईरहेको कोरोना महामारी एवं देशव्यापी लकडाउनले देशको आर्थिक क्षेत्रमा अल्पकालिन देखि दिर्घकालिन प्रभाव परेको छ जसले गर्दा बैकिङ्ग क्षेत्रमा कर्जा, तरलता, सम्पत्तिको गुणस्तरजस्ता विभिन्न किसिमका जोखिम निम्त्याउने अवस्था सृजना भएको छ । निकट भविष्यमा कोरोना भाइरस निर्मुलीकरण भई आर्थिक गतिविधी सामान्य हुंदै स्थितीमा सुधार आउने आंकलन गरेका छौं ।

**(ठ) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण:**
बैंकमा सुमधुर औद्योगिक सम्बन्ध रहेको साथै विगतमा मजदुर संगठन संग कुनै प्रकारको उल्लेख्य औद्योगिक विवाद नरहेको ।

**(ड) बजार प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**
बैकहरुले लगानी विस्तारका लागि प्रार्थमिक पुंजीका अलवा ऋणपुँजीबाट अनिवार्य रुपमा आवश्यक पुंजी बृद्धि गर्नु पर्ने व्यवस्थाका कारण वित्तीय बजारमा सबै बैंक तथा वित्तिय संस्थाहरुको ऋणपत्र प्रतिस्प्रधात्मक व्याजदरमा निश्काशन गर्ने होड चलेको छ । यस्तो अवस्थामा पनि बैंकले विगत ३४ वर्ष भन्दा बढि समय देखि सफलतापूर्वक आफ्नो उत्कृष्ट पहिचान स्थापित गरी वित्तीय व्यवसाय संचालन गरिरहेको छ ।साथै लगानीकर्ताहरुलाई समग्रमा आकर्षक प्रतिफल दिदैं आएको छ । बैंकको सोहि उत्कृष्ट व्यवसायिक विद्वता, बलियो वित्तिय अवस्था तथा लगानीमा उत्कृष्ट प्रतिफल दिदै आएको कारणले हाल निष्काशन गर्न लागेको ऋणपत्रको वित्तीय बजारमा उत्कृष्ट प्रतिस्पर्धात्मक क्षमता राख्दछ भन्ने बलियो आधार मानेका छौं ।
अत्यधिक प्रतिस्पर्धि रहेको हालको बैंकिङ्ग बजारमा सफलता पूर्वक आफ्नो पहिचान स्थापित गरी गुणस्तरीय बैंकिङ्ग व्यवसाय संचालन गरीरहेको । यस सम्बन्धमा बैंकको हालसम्मको प्रगती विवरण लगायत बर्तमान बजारमा बैंकको अवस्थाको पुष्टी बैंकको वित्तीय विवरणबाट स्पष्ट रुपमा देखिएको छ ।
हाल २७ वटा वाणिज्य बैंकहरुमा यस बैकको २०७७ आषाढ मसान्तसम्मको विवरण देहाय बमोजिम रहेको छ :

| क्र.सं. | विवरण | समग्र बजारमा बैकको हिस्सा |
|---|---|---|
| १ | निक्षेप संकलन | ४.८५% |
| २ | कर्जा तथा सापटी | ४.८६% |
| ३ | खुद मुनाफा | ४.८५% |

**(ढ) प्रमुख ग्राहकहरुको विवरण (जस्तै–संस्थाको कुल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण ।) :** सो नभएको ।

**(ण) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै–संस्थाको कुल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण :** सो नभएको ।

**(ख) सम्पत्तिको विवरण :**

**(१) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :**

| खुद सम्पत्तिको विवरण | आ. व. २०७६/७७ (रु.हजारमा) |
|---|---|
| जग्गा | २९,१७,३९९ |
| भवन | २,३७,१०९ |
| लिजहोल्ड सम्पत्ति | १,०३,६०२ |
| कम्प्युटर र एसोसेरिज | १,८७,७८९ |
| परिवहन साधन | ३,२७,०७६ |
| फनिर्चर र फिक्चर | ६४,१४० |
| अन्य उपकरणहरु | १,७३,६३९ |
| सफ्टवेयर | १,२४,६१९ |
| पुँजीगत निर्माणधीन | - |
| **जम्मा खुद सम्पत्ति** | **४१,३५,३७४** |

माथि उल्लेखित सम्पत्ति यस बैंकको मुख्य कार्यालय एवं शाखाहरुमा अवस्थित रहेको ।

**(२) बूँदा (१) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नु पर्ने) :** उक्त बुँदामा उल्लेखित सम्पत्ति कम्पनीको आफ्नै स्वामित्वको हो ।

**(३) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण:** सो नभएको ।

**(४) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :** यस बैंकको सम्पत्ति पुनर्मूल्याङ्कन गरिएको पछिको किताबी मूल्य र बजार मूल्य बीचको फरक रकम रु ३,३०,९६,२८,४९९।०० भएको ।

**(५) सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण :** जग्गाको मूल्याङ्कन भ्यालुएटरको मूल्याङ्कन अनुसार, शेयरको मूल्याङ्कन बजार मुल्य अनुसार र बांकी सम्पत्तिको नियमानुसार ह्रासकट्टि गरी लेखाङ्कन गरिएको छ ।

**(ग) भावी योजना तथा रणनिती:**

**(१) व्यवसाय/सेवाको वृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयबद्ध रणनीति:**

**क) नयाँ उत्पादन तथा सेवाहरु :** आफ्ना ग्राहकवर्गको आवश्यकता र अपेक्षालाई दृष्टिगत गरी तद्अनूरुप सेवा पुऱ्याउन र प्रतिस्पर्धी बीच आफनो छुट्टै पहिचान बनाउन बैंकले विभिन्न नयां उत्पादन तथा सेवाहरु प्रचलनमा ल्याउने प्रकृया सुरु गरेको छ ।

**ख) शाखासँजाल:** बैंकको पहुंच नभएका ठाउँहरुमा आफ्नो उपस्थिति जनाउँदै जाने उद्देश्यले आवश्यकता अनुसार सँजाल बढाउँदै लैजाने बैंकको कार्यक्रम छ ।

**ग) डेबिट केडिट कार्ड :** बजारमा आफनो बलियो उपस्थितीलाई कायम राख्न आफनो कार्ड व्यवसायलाई व्यापकरुपमा विस्तार गर्दै जाने प्रयासमा बैंक लागेको छ । आफ्नो राष्ट्रिय भुक्तानी संजालमा सदस्य संख्या बढाउँदै लैजान बैंक प्रयत्नशील छ । यस बाट बैंकको ग्राहक संख्या र आम्दानी वृद्धिमा सहयोग पुग्ने छ ।

**घ) एटिएम संजाल:** आफ्नो ग्राहकवर्गहरुलाई बढि सुविधा प्रदान गर्ने बैंकको रणनीतिअनुरुप उपत्यकाभित्र तथा बाहिर एटिएम जडानगर्दै जाने योजना बैंकको रहेको छ ।

**ङ) सूचना प्रविधिमा आधारित सेवा :**बैंकले नविनतम प्रविधिको माध्यमबाट आफ्नो ग्राहकहरुलाई मूल्यअभिवृद्धि सेवाहरु प्रदान गर्ने ध्येय राखेको छ।

**च) विप्रेषण :** विप्रेषण व्यवसायमा आफनो बजार अंश बढाउदै लैजान बैंकले आवश्यक्ता अनुसार देश भरी विप्रेषण वितरक एजेण्ट पुऱ्याउने योजना गरेको छ। यसका साथै बैंकको पृथ्वी रिमिटलाई अलराफि बैंक साउदी अरेविया र कतार अन्तराट्रिय ईस्लामिक बैंक को कारोवार संग आवद्ध गराई कारोवार बढाउने बैंकले तयारी गर्दैछ। यसका अलवा मनि म्याच मलेसिया, एस सिटि पे साउदी अरेविया र डिजिटल वालेट कर्पोरेशन जापान लगायतका अन्तराट्रिय संस्थाहरु संग कारोवार बढाउने बैंकले तयारी गर्दैछ।

**छ) अन्य व्यवसाय:** बैंकिंग उद्योगमा बढ्दै गएको प्रतिस्पर्धाले गर्दा आफनो वित्तीय स्थितिलाई उपयुक्त स्थितिमा राख्न बैंकहरुलाई लगानीका अरु क्षेत्र खोज्नुपर्ने हुन गएको छ। यसबाट बैंकको आम्दानी वृद्धिका साथै संकुचित हुँदै गएको मार्जिनमा समेत सुधार आउने अपेक्षा गर्न सकिन्छ।

**(२) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य:**

हाल देशको बैंकिङ्ग वातावरण अत्यन्त प्रतिस्पर्धात्मक छ। विगत छोटो अवधिमानै धेरै बैंक तथा वित्तीय संस्थाहरु स्थापना भई संचालनमा आईसकेका छन्। यो परिस्थितिले गर्दा देशको बैंकिङ्ग वातावरण अरु बढी प्रतिस्पर्धात्मक हुने देखिन्छ। अर्को तर्फ देशले अपनाएको खुला आर्थिक नीतिले लगानीकर्ताहरुलाई विभिन्न क्षेत्रमा लगानी गर्ने अवसरहरु प्राप्त भएका छन्। यसै बीच विगत केही समय यता देखा परेको राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिले र विदशी मुद्रा (अमेरीकी मुद्रा)को विनिमय दरमा भएको वृद्धिले देशको आर्थिक स्थितिको बारेमा केही चिन्तित हुनुपर्ने स्थिति छ। यो अवस्थाले देशको बैंकिङ्ग व्यवसाय र अर्थतन्त्रलाई पनि केही हदसम्म प्रभाव पार्ने देखिएता पनि हालसम्मको परिस्थितिलाई मूल्याङ्कन गर्दा त्यति चिन्तित भईहाल्नुपर्ने अवस्था देखिदैन। तसर्थ, देशको बैंकिङ्ग व्यवसाय बीचको प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र हाल सम्मका दिनहरुमा बैंकिङ्ग क्षेत्रले उत्साहजनक सफलता पाईरहेको आधारमा यस बैंकले स्थापनाको छोटो अवधिमा नै ग्राहकहरुको चाहना र आवश्यकता अनुसारका स्तरीय ग्राहकोन्मुख सेवा तथा सुविधाहरु प्रदान गरेर उपलव्ध श्रोत र साधनको उपयुक्त परिचालन गरी तुलनात्मक रुपमा उत्साहजनक उपलब्धि हासिल गरेको छ। त्यस कारण बैंकको विद्यमान उपलब्धिहरु एवं प्रस्तुत भावी योजनाहरुको आधारमा बैंकको भविष्य सुढृढ हुने देखिन्छ। साथै बैंकले राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी तथा गैर सरकारी संघसंगठन, कम्पनी, व्यक्ति र संघ संस्थाहरुतथा अन्य सबै सरोकारवालाहरुसगँ सुमधुर व्यवसायिक सम्वन्ध कायम राखेको र बैंकको औद्योगिक तथा व्यवसायिक सम्बन्ध समाजका सबै तहमा पारदर्शी र सौहार्दपूर्ण रहेकोले यसलाई निरन्तरता दिइनेछ। यसका अलवा विश्वव्यपी महामारीको रुपमा फैलिएको कोभिड १९ को कारणले आउन सक्ने आर्थिक संकट,नेपाल राष्ट्र बैंकले ल्याएको बैक तथा वित्तिय संस्थाहरु गाभ्ने गाभिने र प्राप्ती गर्ने नितिका कारणले आउन सक्ने

अवस्था तथा चुनौतीहरु समेतले यस क्षेत्रको भविश्य निर्भर गर्दछ। यस सम्बन्धमा बैंकको हालसम्मको प्रगती विवरण लगायत बर्तमान बजारमा बैंकको अवस्थाको पुष्टी बैंकको वित्तीय विवरणबाट स्पष्ट रुपमा देखिएको छ।

**(घ) संचालक समितिको संरचना र प्रतिनिधित्व सम्वन्धी व्यवस्था:**

यस बैंकमा कम्तीमा १ (एक) जना महिला सहित ७ (सात) जनाको सञ्चालक समिति रहनेछ। सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| (क) संस्थापक समूहका शेयरधनीहरुमध्येबाट निर्वाचित | ४ (चार) जना। |
| (ख) सर्वसाधारण समूहबाट निर्वाचित | २ (दुई) जना। |
| (ग) स्वतन्त्र सञ्चालक | १ (एक) जना। |
| **जम्मा** | **७ (सात) जना।** |

संचालकहरुको कार्यकाल ४ वर्षको हुनेछ। मिति २०७७ भदौ ५ मा असामयिक निधन भई संचालकको १ पद रिक्त रहेको छ।

**<u>संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्वन्धी ब्यबस्था :</u>**

यस बैंकको नियमावलीको नियम १३ (२) मा व्यवस्था भए अनुसार बैंकको संचालक हुनका लागि यस बैंकको कम्तीमा ३० थान शेयर लिएको हुनुपर्नेछ तर, स्वतन्त्र सञ्चालक वा संगठित संस्थाले संस्थापक शेयर लिएकोमा त्यस्ता शेयरधनीहरुका तर्फबाट सञ्चालकको उम्मेदवार हुने व्यक्तिले व्यक्तिगत रुपमा बैंकको शेयर लिएको हुन जरुरी हुने छैन, तर निज जुन संस्थापकका तर्फबाट उम्मेदवार हुने हो सो संस्थापकबाट लिखित अधिकार लिएको हुनुपर्नेछ।

**ग.४. पूँजी संरचना सम्बन्धी जानकारी:**

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

**<u>अधिकृत पूँजी</u>** : यस बैंकको अधिकृत पूँजी रु.१५,००,००,००,०००/– (अक्षरेपी पन्ध्र अर्ब) रहेको छ। जसलाई प्रति शेयर रु.१००/– दरले १५,००,००,००० (पन्ध्र करोड) कित्ता साधारण शेयरमा बिभाजन गरिएको छ।

**<u>जारी पूँजी</u>** : यस बैंकको जारी पूँजी रु.१४,२४,८९,५४,५००/–(अक्षरेपी चौध अर्ब चौबिस करोड उनानब्बे लाख चबन्न हजार पांच सय) रहेको छ।

**<u>चुक्ता पूँजी</u>** : यस बैंकको चुक्ता पूँजी रु.१४,२४,८९,५४,५००/–(अक्षरेपी चौध अर्ब चौबिस करोड उनानब्बे लाख चबन्न हजार पांच सय) रहेको छ।

**कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पुँजीमा निम्न बमोजिम परिवतर्न भएको छ।**

| आर्थिक बर्ष | अधिकृत पूँजी (रु.) | जारी पूँजी (रु.) | चुक्ता पूँजी (रु.) | कैफियत |
|---|---|---|---|---|
| **०४२/०४३** | १२,००,००,०००/- | ३,००,००,०००/- | २,४०,००,०००/- | संस्थापकहरुबाट प्राप्त प्रारम्भिक शेयर पूँजी (५०% चुक्ता पूँजी) |
| **०४४/०४५** | १२,००,००,०००/- | ६,००,००,०००/- | ३,००,००,०००/- | सर्वसाधारणलाई निष्काशन गरेपछि प्रारम्भिक शेयर पूँजी (५०% चुक्ता पूँजी) |
| **०४८/०४९** | १२,००,००,०००/- | ६,००,००,०००/- | ६,००,००,०००/- | नाफालाई चुक्ता पूँजीमा समायोजन गरी १००% बनाइएको |
| **०५०/०५१** | १८,००,००,०००/- | ९,००,००,०००/- | ९,००,००,०००/- | ५०% बोनस शेयर |
| **०५३/०५४** | २७,००,००,०००/- | १३,५३,५०,६००/- | १३,५३,५०,६००/- | ५०% बोनस शेयर |
| **०५६/०५७** | २७,००,००,०००/- | १६,९९,८४,६००/- | १६,९९,८४,६००/- | २५% बोनस शेयर |

| | | | | |
|---|---|---|---|---|
| **०५८/०५९** | २७,००,००,०००/- | २२,७२,२४,०००/- | २२,७२,२४,०००/- | ३ : १ हकप्रद शेयर |
| **०५९/०६०** | ५९,००,००,०००/- | २९,५२,९३,०००/- | २९,५२,९३,०००/- | ३०% बोनस शेयर |
| **०६०/०६१** | १,००,००,००,०००/- | ५९,०५,८६,०००/- | ५९,०५,८६,०००/- | १ : १ हकप्रद शेयर |
| **०६२/०६३** | १,००,००,००,०००/- | ८०,१३,५२,६००/- | ८०,१३,५२,६००/- | ३५.४६% बोनस शेयर |
| **०६३/०६४** | २,००,००,००,०००/- | १,२०,३९,१५,४००/- | १,२०,३९,१५,४००/- | २५% बोनस शेयर तथा ५:१ हकप्रद शेयर |
| **०६४/०६५** | ४,००,००,००,०००/- | २,४०,७०,६८,९००/- | २,४०,७०,६८,९००/- | ३३.३३% बोनस शेयर तथा २ : १ हकप्रद शेयर |
| **०६७/०६८** | ४,००,००,००,०००/- | ३,०१,२९,२४,२००/- | ३,०१,२९,२४,२००/- | २५% बोनस शेयर |
| **०६८/०६९** | ४,००,००,००,०००/- | ३,७६८,०७,७००/- | ३,७६८,०७,७००/- | २५% बोनस शेयर |
| **०६९/०७०** | ५,००,००,००,०००/- | ४,१४,६७,०७,५००/- | ४,१४,६७,०७,५००/- | १०% बोनस शेयर |
| **०७०/०७१** | ५,००,००,००,०००/- | ४,७७,१२,०३,५००/- | ४,७७,१२,०३,५००/- | १५% बोनस शेयर |
| **०७१/०७२** | १०,००,००,००,०००/- | ६,३४,८५,७१,०००/- | ६,३४,८५,७१,०००/- | ३३% बोनस शेयर |
| **०७२/०७३** | १०,००,००,००,०००/- | ७,२५,५५,०९,९००/- | ७,२५,५५,०९,९००/- | फर्दर पब्लीक इस्यू (FPO) |
| **०७२/०७३** | १५,००,००,००,०००/- | ८,७४,६९,१२,५००/- | ८,७४,६९,१२,५००/- | २०% बोनस शेयर |
| **०७३/०७४** | १५,००,००,००,०००/- | ९,२४,०३,७८,९००/- | ९,२४,०३,७८,९००/- | १०० कित्ता साधारण शेयर बराबर ४१ कित्ताको अनुपातमा साधारण शेयर एस डेभलपमण्ट बैंक लि. का शेयरधनीहरुलाई प्रदान गरेकोले । |
| **०७३/०७४** | १५,००,००,००,०००/- | १०,६४,५५,९९,०००/- | १०,६४,५५,९९,०००/- | १५% बोनस शेयर |
| **०७४/०७५** | १५,००,००,००,०००/- | १२,५८,९९,०७,२००/ | १२,५८,९९,०७,२००/ | १८% बोनस शेयर |
| **०७५/०७६** | १५,००,००,००,०००/- | १२,८६,९७,४९,१००/ | १२,८६,९७,४९,१००/ | १०० कित्ता साधारण शेयर बराबर ३३ कित्ताको अनुपातमा साधारण शेयर जेविल्स फाइनान्स लि. का शेयरधनीहरुलाई प्रदान गरेकोले । |
| **०७५/०७६** | १५,००,००,००,०००/- | १४,२४,८९,५४,५०० /- | १४,२४,८९,५४,५००/- | १०.५% बोनस शेयर |

**ख) निष्काशन पछिको चुक्ता चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :** ऋणपत्र निष्काशन गर्नु पूर्व बैंकको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| (क) | संस्थापक शेयरधनीहरु | ९७७,३२,२११ | ६८.५९ % | ९,७७,३२,२१,१०० | शतप्रतिशत |
| (ख) | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | ४,४७,५७,३३४ | ३१.४१ % | ४,४७,५७,३३,४०० | शतप्रतिशत |
| | **जम्मा** | **१४,२४,८९,५४५** | **१००** % | **१४,२४,८९,५४,५००/-** | |

**ऋण पूँजी :**

| विवरण | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|
| ८% नेपाल इन्भेष्टमेण्ट बैंक बण्ड २०७८ | रु.७५,००,००,०००/ - | शतप्रतिशत |
| १०.५% नेपाल इन्भेष्टमेण्ट बैंक बण्ड २०८२ | रु.२,००,००,००,०००/ - | शतप्रतिशत |
| **जम्मा** | **रु.२,७५,००,००,०००/ -** | |

ऋणपत्र निष्काशन गरी बाँडफाँड गरे पश्चात बैंकको चुक्ता पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| (क) | संस्थापक शेयरधनीहरु | ९७७,३२,२११ | ६८.५९ % | ९,७७,३२,२१,१०० | शतप्रतिशत |
| (ख) | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | ४,४७,,५७,३३४ | ३१.४१ % | ४,४७,५७,३३,४०० | शतप्रतिशत |
| | **जम्मा** | **१४,२४,८९,५४५** | **१००** % | **१४,२४,८९,५४,५००/-** | |

**ऋण पूँजी :**

| विवरण | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|
| ८% नेपाल इन्भेष्टमेण्ट बैंक बण्ड २०७८ | रु.७५,००,००,०००/- | शतप्रतिशत |
| १०.५% नेपाल इन्भेष्टमेण्ट बैंक बण्ड २०८२ | रु.२,००,००,००,०००/- | शतप्रतिशत |
| *८.५०% नेपाल इन्भेष्टमेण्ट बैंक बण्ड २०८४ | रु.४,००,००,००,०००/- | निष्काशन प्रकृयामा |
| **जम्मा** | **रु.६,७५,००,००,०००/-** | |

*यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको ऋणपत्र ।

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात) : रु ३,२५,९८,८५८ भएको ।**

ग.५. संस्थापक/संचालक सम्बन्धी जानकारी :

(क) संस्थापक/संचालकको पृष्ठभूमीः

**(१) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित व्यापार / व्यवसायमा अनुभव :**

**आधारभूत शेयरधनीको विवरण :**

| सि.नं. | नाम, ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) |
|---|---|---|---|---|---|---|---|
| १. | राष्ट्रिय बीमा कम्पनी लि. रामशाहपथ, काठमाण्डौं । | संचालक | लागू नहुने | लागू नहुने | १,७३,१६,७४४ | लागू नहुने | लागू नहुने |
| २. | महालक्ष्मी इन्भेष्टमेण्ट प्रा.लि., माइतीघर, काठमाण्डौं । | संचालक | लागू नहुने | लागू नहुने | १,०१,९१,६७१ | लागू नहुने | लागू नहुने |
| ३. | छाँया इन्भेष्टमेण्ट प्रा.लि., महाराजगञ्ज, काठमाण्डौं । | अध्यक्ष | लागू नहुने | लागू नहुने | ९४,७०,१८६ | लागू नहुने | लागू नहुने |
| ४. | के.यु.पी.इन्भेष्टमेण्ट प्रा.लि. महाराजगञ्ज, काठमाण्डौं । | संस्थापक | लागू नहुने | लागू नहुने | ९०,१९,१५० | लागू नहुने | लागू नहुने |
| ५. | सोफिया इन्भेष्टमेण्ट प्रा.लि., महाराजगञ्ज, काठमाण्डौं । | संचालक | लागू नहुने | लागू नहुने | ८५,६८,२५१ | लागू नहुने | लागू नहुने |
| ६. | नागरिक लगानी कोष नयां बानेश्वर, काठमाण्डौ । | संस्थापक | लागू नहुने | लागू नहुने | ३७,४५,३७८ | लागू नहुने | लागू नहुने |
| ७. | अन्नपूर्ण इन्भेष्टमेण्ट प्रा.लि., बानेश्वर, काठमाण्डौं । | संस्थापक | लागू नहुने | लागू नहुने | १८,९३,७१८ | लागू नहुने | लागू नहुने |
| ८. | सुर्य इन्फोसिस प्रा.लि., बसन्तपुर, काठमाण्डौं । | संस्थापक | लागू नहुने | लागू नहुने | १८,९३,७१६ | लागू नहुने | लागू नहुने |
| ९. | प्रेष्टाइन इन्भेष्टमेण्ट प्रा.लि., हात्तिसार, काठमाण्डौं । | संस्थापक | लागू नहुने | लागू नहुने | १८,९३,७१६ | लागू नहुने | लागू नहुने |
| १०. | कमला इन्भेष्टमेण्ट प्रा.लि., ठमेल, काठमाण्डौं । | संस्थापक | लागू नहुने | लागू नहुने | १८,०३,८६५ | लागू नहुने | लागू नहुने |
| ११. | नोभेल इन्भेष्टमेण्ट प्रा.लि., कमलादी, काठमाण्डौं । | संस्थापक | लागू नहुने | लागू नहुने | १८,०३,८६५ | लागू नहुने | लागू नहुने |
| १२. | लोटस इन्भेष्टमेण्ट प्रा.लि., लाजिम्पाट, काठमाण्डौं । | संस्थापक | लागू नहुने | लागू नहुने | १६,७१,८८४ | लागू नहुने | लागू नहुने |
| १३. | राष्ट्रिय बीमा सस्थान लि. रामशाहपथ, काठमाण्डौं । | संस्थापक | लागू नहुने | लागू नहुने | १६,२०,९४० | लागू नहुने | लागू नहुने |
| १४. | मर्कन्टाइल इन्भेष्टमेण्ट प्रा.लि. । | संस्थापक | लागू नहुने | लागू नहुने | १४,७६,९२० | लागू नहुने | लागू नहुने |

**संचालकहरुको विवरणः**

| सि.नं. | नाम, ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | व्यक्तिगत नाममा रहेको शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) विस्तृत रुपमा |
|---|---|---|---|---|---|---|---|
| १. | श्री पृथ्वी बहादुर पाँडे, महाराजगञ्ज, काठमाण्डौं । (संस्थापक समूह) | अध्यक्ष | ६५ | नेपाली | २३,५३८ (साधारण) | चार्टर्ड एकाउण्टेन्ट | ई.सं. १९७८ मा चार्टर्ड एकाउण्टेन्सी उतीर्ण गरी १९७८ देखि १९८८-८९ सम्म नेपाल राष्ट्र बैंकको विभिन्न विभागमा प्रमुखको रुपमा कार्य गर्नु भएको । तत्पश्चात १९९०-९१ मा राष्ट्रिय वाणिज्य बैंकको महाप्रबन्धकको रुपमा कार्य गरी हिमालयन बैंक लि. को संस्थापकहरु मध्ये एक भै उक्त बैंकको स्थापना गरी १९९१ देखि २००१ सम्म उक्त बैंकको प्रमुख कार्यकारी अधिकृत एवम् कार्यकारी संचालकको रुपमा कार्य गर्नु भएको । २००२ देखि २०१२ सम्म नेपाल इन्भेष्टमेण्ट बैंक लि. को अध्यक्ष तथा प्रमुख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | कार्यकारी संचालकको रुपमा कार्य गरी हाल उक्त नेपाल इन्भेष्टमेण्ट बैंक लि. को अध्यक्षको रुपमा कार्यरत । |
| २. | श्री प्रजन्य राजभण्डारी, कमलादी, काठमाण्डौं । (संस्थापक समूह) | संचालक | ६६ | नेपाली | १,८०,३८६ कित्ता संस्थापक शेयर | बि.एस.सी, एम. इन्जिनियरिङ्ग | मेकानीकल इन्जिनियरिङ्गमा सन १९७६ मा स्नातक उतीर्ण गरी साहि समय देखि बिभिन्न कम्पनीहरुमा बिभिन्न पदमा कार्य गर्नु भएको र हाल आफ्नै व्यवसायमा लाग्नु भएको साथै बिभिन्न समाजीक संस्थाहरुमा आवद्ध रहि आफ्नो कार्यको लागी गोर्खा दक्षिण बाहु पदवीबाट समेत बिभुषित हुन भएको । |
| ३. | श्री सूर्यप्रकाशलाल श्रेष्ठ, ताहाचल, काठमाण्डौं । (संस्थापक समूह) | संचालक | ६७ | नेपाली | १,८०,३८६ कित्ता संस्थापक शेयर | पि एच डि व्यवस्थापन | व्यवस्थापनमा बेलायतबाट विद्यावारीधि गरी नेपाल प्रशासनिक स्टाफ कलेज लगायत बिभिन्न क्षेत्रमा संचालक तथा सल्लाहाकारको रुपमा कार्य गर्नुका अलावा एशियाली बिकास बैंकमा समेत निजामति सेवा सुधारको बिशेषज्ञको रुपमा कार्यानुभव गर्नु भएको र हाल बिभिन्न क्षेत्रमा सल्लाहाकार कार्य गर्नुका अलावा अध्यापनको समेत अनुभव भएको । |
| ४. | श्री कविकुमार टिवरेवाला, काठमाण्डौं । (संस्थापक समूह) | संचालक | ३४ | नेपाली | ७५,८१० (साधारण) | एम.बि.ए. | व्यवस्थापनमा स्नातकोत्तर गरी व्यवसायका बिभिन्न क्षेत्रहरुमा लगानी गरी संचालकको समेत अनुभव हासील गरी बिभिन्न क्षेत्रको शेयरहरुमा समेत लगानी गरी युवा उद्यमीको रुपमा कार्य गरी रहनु भएको । |
| ५. | श्री भुवनेश्वर प्रसाद शाह, १२२ ज्ञानेश्वर, काठमाण्डौं । (सर्वसाधारण समूह) | संचालक | ६१ | नेपाली | ४,२०७ (साधारण) | एम.बि.ए. | व्यवस्थापनमा स्नातकोत्तर गरी सोल्टी होटलबाट आफ्नो सेवा शुरु गरी हाइसेफ फाइनास कम्पनीबाट वित्तीय क्षेत्रमा प्रवेश गर्नु भई लक्ष्मी बैंक लि.मा कम्पनी सचिव तथा निमित प्रमुख कार्यकारीको रुपमा समेत कार्य गरी लामो समयको सेवाको अनुभव गरी सेवा निवृत हुनु भएको । |
| ६. | *श्री निरञ्जनलाल श्रेष्ठ, नयां बानेश्वर, काठमाण्डौं । (सर्वसाधारण समूह) | संचालक | ६६ | नेपाली | १३,२३१ (साधारण) | एम एस सि (इन्जिनियरिङ्ग) | स्यानिटरी इन्जिनियरिङ्ग स्नातकोत्तर गरी भवन बिभाग , भक्तपुर बिकास आयोजना, युनिसेफ लगायत १६ वर्षको सेवाको अनुभव लिई सेवा निवृत भए पश्चात् हाल बिभिन्न क्षेत्रको आफ्नै व्यवसायमा संलग्न रहनु भएको । |
| ७. | श्रीमती मन्जु बस्नेत (बिशेषज्ञ संचालक) | संचालक | ५६ | नेपाली | १,१०५ (साधारण) | ईएम.बि.ए. | नेपाल इन्भेष्टमेण्ट बैंक लि (साविक नेपाल इन्डोश्वेज बैंक) को विभिन्न बिभागमा मा ३ दशकको अनुभव लिई हाल अवकाश प्राप्त हुनु भएको । |

*मिति २०७७ भदौ ५ मा असामयिक निधन भई पद रिक्त रहेको ।

**(२) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक ब्यक्ति नखुलेसम्म) :**

| सि.नं. | संस्थाको नाम, ठेगाना | संचालकहरुको विवरण | संस्थाको संक्षिप्त विवरण |
|---|---|---|---|
| १. | सोफिया इन्भेष्टमेण्ट प्रा.लि.,महाराजगञ्ज, काठमाण्डौं । | संचालकहरु :<br>श्री पवन बहादुर पाँडे, महाराजगञ्ज, काठमाण्डौं ।<br>श्रीमती शान्ता राणा, नयां बानेश्वर, काठमाण्डौं ।<br>श्री शिवान्त बहादुर पाँडे,महाराजगञ्ज, काठमाण्डौं ।<br>श्रीमती निर्मला तुलाधर, महाराजगञ्ज, काठमाण्डौं । | बिभिन्न कम्पनीहरुको शेयर डिबेन्चरमा लगानी गर्ने तथा उपभोग्य वस्तुहरुको आयात गरी बिक्री गर्ने प्रमुख उद्देश्यका साथ २०५८मा प्रा.लि नं १७३७४ अर्न्तगत दर्ता भएको । |
| २. | के.यु.पी.इन्भेष्टमेण्ट प्रा.लि., महाराजगञ्ज, काठमाण्डौं । | संचालकहरु :<br>श्री जितेन्द्र बस्न्यात, लोसाल-४, काठमाण्डौं ।<br>श्री ज्ञानु भट्टराई, सोल्टी मोड, काठमाण्डौं ।<br>श्री जितेन्द्र राजभण्डारी,सानेपा, ललीतपुर । | बिभिन्न कम्पनीहरको शेयर डिबेन्चरमा लगानी गर्ने तथा उपभोग्य वस्तुहरुको आयात गरी बिक्री गर्ने प्रमुख उद्देश्यका |

| | | | |
|---|---|---|---|
| | | श्री महेश्वर प्रकाश श्रेष्ठ, सितापाइला,काठमाण्डौं । | साथ २०५८मा प्रा.लि नं १७३८१ अर्न्तगत दर्ता भएको । |
| ३. | महालक्ष्मी इन्भेष्टमेण्ट प्रा.लि.,माइतीघर, काठमाण्डौं । | संचालकहरु :<br>श्रीमती प्रतिमा पाँडे, महाराजगञ्ज, काठमाण्डौं ।<br>श्री दिपक मान शेरचन, बालुवाटार, काठमाण्डौं ।<br>श्री हितेश गोल्छा, नयां बानेश्वर, काठमाण्डौं ।<br>श्री रामबाबु सुबेदी , धापासी, काठमाण्डौं । | बिभिन्न कम्पनीहरको शेयर डिबेन्चरमा लगानी गर्ने तथा उपभोग्य वस्तुहरुको आयात गरी बिक्री गर्ने प्रमुख उद्देश्यका साथ २०५८मा प्रा.लि नं १७३८७ अर्न्तगत दर्ता भएको । |
| ४. | छाँया इन्भेष्टमेण्ट प्रा.लि.,महाराजगञ्ज, काठमाण्डौं । | संचालकहरु :<br>श्री पृथ्वी बहादुर पाँडे, महाराजगञ्ज, काठमाण्डौं ।<br>श्री बिमल पाण्डे, लाजिम्पाट, काठमाण्डौं ।<br>श्री सज्जन राजभण्डारी,कमलादी, काठमाण्डौं ।<br>श्री मञ्जु अमात्य, मित्रपार्क, काठमाण्डौं । | बिभिन्न कम्पनीहरको शेयर डिबेन्चरमा लगानी गर्ने तथा उपभोग्य वस्तुहरुको आयात गरी बिक्री गर्ने प्रमुख उद्देश्यका साथ २०५८मा प्रा.लि नं १७३७६ अर्न्तगत दर्ता भएको । |
| ५. | कमला इन्भेष्टमेण्ट प्रा.लि.,ठमेल, काठमाण्डौं । | संचालकहरु :<br>श्रीमहाराजकुमारी रमा मल्ल, बिशालनगर, काठमाण्डौं ।<br>श्री शरदिन्दु मल्ल, लैनचौर, बिशालनगर, काठमाण्डौं । | बिभिन्न कम्पनीहरको शेयर डिबेन्चरमा लगानी गर्ने तथा उपभोग्य वस्तुहरुको आयात गरी बिक्री गर्ने प्रमुख उद्देश्यका साथ २०५८मा प्रा.लि नं १७३८६ अर्न्तगत दर्ता भएको । |
| ६. | सुर्य इन्फोसिस प्रा.लि., बसन्तपुर, काठमाण्डौं । | संचालक :<br>श्री गौरव अग्रवाल, बत्तिसपुतली, काठमाण्डौं । | कमप्युटर सबन्धि सामानहरुको आयात गरी बिक्री बितरण गर्ने तथा सोसँग सम्बन्धि सेवा उपलब्ध गराउने मुख्य उद्देश्य लिई २०५६ मा प्रा.लि नं १०७५/०५६५७ अर्न्तगत दर्ता भएको । |
| ७. | प्रेष्टाइन इन्भेष्टमेण्ट प्रा.लि.,हात्तिसार, काठमाण्डौं । | संचालक :<br>श्री गौरव अग्रवाल, बत्तिसपुतली, काठमाण्डौं । | बिभिन्न कम्पनीहरुको शेयर खरिद गर्ने कम्पनीहरु स्थापना गर्ने मुख्य उद्देश्य लिई २०५८मा प्रा.लि अर्न्तगत दर्ता भएको । |
| ८. | अन्नपूर्ण इन्भेष्टमेण्ट प्रा.लि.,बानेश्वर, काठमाण्डौं । | संचालक :<br>श्री गौरव अग्रवाल,बत्तिसपुतली, काठमाण्डौं । | उत्पादन तथा सेवा मुलम उद्योग व्यवसाय स्थापना गर्ने, बिभिन्न कम्पनीहरुको शेयरमा लगानी गर्नेमुख्य उद्देश्य लिई २०५८ मा प्रा.लि अर्न्तगत दर्ता भएको । |
| ९. | नोभेल इन्भेष्टमेण्ट प्रा.लि.,कमलादी, काठमाण्डौं । | संचालकहरु :<br>श्री तारा चन्द खेतान, बिराटनगर ।<br>श्री संदीप अग्रवाल, थापाथली, काठमाण्डौं ।<br>श्री गौरव अग्रवाल, बत्तिसपुतली, काठमाण्डौं । | बिभिन्न कम्पनीहरको शेयर खरिद गर्ने कम्पनीहरु स्थापना गर्ने मुख्य उद्देश्य लिई २०५८मा प्रा.लि.नं १७२४८ अर्न्तगत दर्ता भएको । |
| १०. | लोटस इन्भेष्टमेण्ट प्रा.लि.,लाजिम्पाट, काठमाण्डौं । | संचालक :<br>श्री महेश्वर प्रकाश श्रेष्ठ, सितापाइला, काठमाण्डौं । | बिभिन्न कम्पनीहरको शेयर डिबेन्चरमा लगानी गर्ने तथा उपभोग्य वस्तुहरुको आयात गरी बिक्री गर्ने प्रमुख उद्देश्यका साथ २०५८मा प्रा.लि नं १७३७५ अर्न्तगत दर्ता भएको। |
| ११. | राष्ट्रिय बीमा कम्पनी लि.,रामशाहपथ, काठमाण्डौं । | संचालकहरु :<br>श्री उमेश चन्द्र उपाध्याय (अध्यक्ष) ।<br>श्री थान प्रसाद पंगेनी, (उपसचिव–अर्थ मन्त्रालयबाट नियुक्त)<br>श्री प्रकाश कुमार अधिकारी (सहायक कार्यकारी अधिकृत–नेपाल बैंक लि.बाट नियुक्त)<br>श्री ध्रुव प्रसाद अधिकारी, (मुख्य प्रबन्धक–कर्मचारी संचयकोषबाट नियुक्त)<br>श्री यादबमनि उपाध्याय (बिशेषज्ञ संचालक) | सत् प्रतिशत सरकारी लगानीमाराष्ट्रिय बीमा संस्थानको रुपमा दर्ता भई पछि उक्त कम्पनीबाट जिवन तथा निर्जिवन बीमागर्ने कार्य अलग अलग कम्पनीबाट गर्ने सरकारी निति अनुरुप निर्जिवनबीमा गर्ने सरकारी कम्पनीको रुपमा स्थापित |

**(३)संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| क्र.स. | संचालकको नाम, ठेगाना | आबद्ध रहेको संस्थाको नाम, ठेगाना |
|---|---|---|
ग. यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिद गर्नका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्त साथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु.१,०००/–(एक हजार) का दरले हुन आउने एकमुष्ठ रकम नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त सि आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा जम्मा गरी आवेदन दिनु पर्नेछ ।

**(३) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

क. कुनै पनि सर्वसाधारण नेपाली नागरिकका साथै नेपाली संघ-संस्था वा कम्पनीले यस विवरणपत्र मार्फत जारी गरिने ऋणपत्र खरिदका लागि दरखास्त दिन सक्नेछन् । निष्काशित सम्पूर्ण ऋणपत्रका लागि ४ (चार) कार्य दिन सम्ममा सर्वसाधारण नेपाली नागरिकका साथै नेपाली संघ-संस्था वा कम्पनीले आवेदन दिन पाउनेछ ।

ख. दरखास्त दिंदा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्था मार्फत आवेदन फाराम बुझाउनु पर्नेछ र सोही संस्थाबाट उपलब्ध गराईने आवेदन फाराममा उल्लेखित सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । सो सम्बन्धी अन्य प्रकृया तथा शुल्क सम्बन्धी व्यवस्था सम्बन्धित सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचनापाटी, वेबसाइट वा राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरी तोके बमोजिम हुनेछ ।

ग. आवेदकले आवेदन दिँदा सि आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा रहेको आवदेन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय रहेको हुनु हुँदैन ।

घ. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको ऋणपत्रको लागि एक भन्दा बढी दरखास्त दिने पाउने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी दरखास्त प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्ध गरिनेछ ।

ङ. रितपूर्वक प्राप्त नभएको आवेदनलाई ऋणपत्र बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार आवेदक/सम्बन्धित सि आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्था स्वयं हुनेछ ।

च. ऋणपत्र खरिदका लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको ऋणपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो आवेदन फारामलाई रद्द गरी सो को जानकारी सम्बन्धित सिआस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थालाई गराउनेछ ।

**व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिन ऋणपत्र खरिद गर्न चाहने आवेदकहरुले पालना गर्नुंपर्ने मुख्य कुराहरु :**

१. कुनै पनि नेपाली संघ संस्थाले यस विवरणपत्र अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिन सक्नेछन् । आवेदकले आफूले लिन चाहेको ऋणपत्र, अधिकतम सिमा खुल्ने गरि यसै बैंकको बिक्री प्रबन्धकलाई लिखित रुपमा निवेदन पेश गर्नुपर्ने छ ।

२. आवेदन दिँदा आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ ।

३. आवेदन फाराम नेपाली तथा अंग्रेजी दुवै भाषामा पेश गर्नुपर्नेछ ।

४. आवेदकले आवेदनसाथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु.१,०००/– को दरले हुन आउने रकम बराबरको आरविवि मर्चेन्ट बैकिङ्ग लिमिटेडको नाममा खिचिएको बैंक एकाउण्ट पेयी चेक संलग्न भएको हुनुपर्नेछ । यसरी चेक मार्फत रकम बुझाउनु हुने आवेदकहरुले आवेदनमा सो चेकको नम्बर र चेकको पछाडि आवेदकको नाम अनिवार्य रुपमा खुलाउनु पर्नेछ । यसको अलावा, निवेदकले आरविवि मर्चेन्ट बैकिङ्ग लिमिटेडको नाममा A/C Transfer गरी Credit Advice निवेदनको साथमा संलग्न पनि गर्न सक्ने छ ।

५. कम्पनी वा संस्थाले ऋणपत्रका लागि आवेदन दिँदा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि र लगानी गर्ने सम्बन्धमा संचालक समितिको निर्णय समावेश गरेको हुनुपर्नेछ ।

६. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. १०,००,०००/- वा सोभन्दा बढी रकम आवेदन

दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

**ग.११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

**निष्काशनकर्ता संगठित संस्था र निम्नलिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न ब्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्थासँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

**(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको ब्यक्ति** : कारोबार नभएको ।

**(ख) आधारभूत शेयरधनी :** कारोबार नभएको ।

**(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै ब्यक्तिको एकाघर परिवार सदस्य** : कारोबार नभएको ।

**(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :** सो नभएको ।

**(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा निजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा :** कुनै कारोवार वा सम्झौता गरेको छैन ।

**(च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने :** कुनै ऋण कारोबार गरेको छैन ।

**ग.१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :**

**विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** सो नभएको ।

**ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :**

**(क) संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या :**

| विवरण | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रु.) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| चौंथो त्रैमास आ.ब.०७६/०७७ | ४९४ | ३३५ | ४३१ | ३६९.०८४ |
| तेश्रो त्रैमास आ.ब.०७६/०७७ | ५०० | ३५८ | ३७३ | २,१०४.५७८ |
| दोश्रो त्रैमास आ.ब.०७६/०७७ | ४५९ | ३७५ | ४०५ | ७३७.०७३ |
| पहिलो त्रैमास आ.ब.०७६/०७७ | ५२७ | ४२८ | ४४३ | ८०३.०७० |
| चौंथो त्रैमास आ.ब.०७५/०७६ | ६१० | ५०९ | ५१९ | १,३१०.५० |
| तेश्रो त्रैमास आ.ब.०७५/०७६ | ५६२ | ४९९ | ५४९ | ८१२.५१८ |
| दोश्रो त्रैमास आ.ब.०७५/०७६ | ६८१ | ५४६ | ५४९ | ८९९.०३२ |
| पहिलो त्रैमास आ.ब.०७५/०७६ | ६६९ | ६१६ | ६४६ | ७५५.२१० |
| चौंथो त्रैमास आ.ब.०७४/०७५ | ७०० | ६१० | ६२१ | ९२५.९५७ |
| तेश्रो त्रैमास आ.ब.०७४/०७५ | ६९४ | ६१६ | ६६७ | ९४२.६४ |
| दोश्रो त्रैमास आ.ब.०७४/०७५ | ६९२ | ६२१ | ६५७ | ९४४.१७ |
| पहिलो त्रैमास आ.ब.०७४/०७५ | ८१३ | ७३५ | ७७० | १,३००.२१ |

नोट: शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्य सूची मार्फत जानकारी लिन सकिनेछ ।

**(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कूल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :**

| महिना | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रु.) | शेयर कारोबार संख्या हजारमा | कारोबार दिन |
|---|---|---|---|---|---|
| **२०७७ आश्विन** | ४५० | ४१३ | ४१४ | ६९६.०५ | २१ |
| **२०७७ भाद्र** | ४५१ | ४०३ | ४२० | ७१३.४३ | २२ |
| **२०७७ श्रावण** | ५३२ | ४०५ | ४१७ | ९४३.३७ | २१ |
| **२०७७ आषाढ** | ४९४ | ३३५ | ४३१ | ३६८.८४ | १३ |
| **२०७७ जेठ** | - | - | - | - | - |
| **२०७७ बैशाख** | ३६६ | ३५२ | ३५२ | ०.२४२ | २ |

नोट: शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्यसूचि मार्फत जानकारी लिन सकिनेछ ।

**ग.१४.पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धि सम्बन्धी विवरण :**

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखित गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :** यस ऋणपत्र निष्काशन भन्दा अघि आ. व. २०७५/७६ मा बैंकले नेपाल इन्भेष्टमेण्ट बैंक बण्ड २०८२ "ऋणपत्रको सार्वजनिक निष्काशन गरेको र सो प्रयोजनको लागि प्रकाशित विवरणपत्रमा उल्लेखित खुद मुनाफा भन्दा कम मुनाफा आर्जन गरेको छ। सो नाफा कम हुनुमा आ. व. २०७५/७६ र २०७६/७७ मा बैंकले केहि ठूला ऋणीलाइ प्रदान गरेको कर्जामा अकस्मात् धेरै रकम कर्जा नोक्सानी व्यवस्था गर्न परेको कारण साथै आ. ब. २०७६/७७ मा अप्रत्यसीत रुपमा बिश्वव्यापी फैलिएको कोविड १९ को महामारीका कारणले लगानीमा आएको ह्रास तथा नियामक निकायहरुले ऋणीहरुलाई विशेष रुपमा दिनुपर्ने व्याज छुट सहुलियत जस्ता कारणले व्याज आम्दानीमा भारी गिरावट आएको र केहि ठूला कर्जा लगानीमा कर्जा नोक्सानी व्यवस्था गर्न परेको कारणले समेत बैंकको नाफामा गिरावट आएको छ।

**(रु.हजारमा)**

| विवरण | वास्तविक मुनाफा | प्रक्षेपित मुनाफा | फरक (प्रतिशतमा) |
|---|---|---|---|
| आर्थिक वर्ष २०७५/७६ | ३३,२४,११३ | ४०,५१,७९७ | (१८.००) |
| *आर्थिक वर्ष २०७६/७७ | २५,७१,६५२ | ४६,१७,९८१ | (४४.३०) |

*अपरिष्कृत वित्तीय विवरण:

**वासलात** **(रु.हजारमा)**

| | **आ.ब २०७६/७७** | | **फरक** | | **कारण** |
|---|---|---|---|---|---|
| **विवरण** | **प्रक्षेपित** | **वास्तविक** | **रु** | **%** | |
| **सम्पत्ति** | | | | | |
| नगद तथा नगद समान | ९७,५४,९१० | १,००,१३,८९३ | २,५८,९८३ | ३% | |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनुपर्ने रकम | ६०,५४,३३५ | १,४३,२१,९७१ | ८२,६७,६३५ | १३७% | नियमित बैंकिङ्ग कारोवारको कारण |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात तथा लगानी | १,१२,९६,६६० | ७९,६४,९९२ | (३३,३१,६६९) | (२९%) | नियमित बैंकिङ्ग कारोवारको कारण |
| व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण | ४०,८०६ | १,३३,९७७ | ९३,१७१ | २२८% | नियमित बैंकिङ्ग कारोवारको कारण |
| अन्य व्यापारीक सम्पत्तिहरु | - | - | - | - | |
| बैंक तथा वित्तीय संस्थालाई प्रवाह गरेको कर्जा तथा सापटी | ३०,२८,५४० | ४९,२०,०६२ | १८,९१,५२२ | ६२% | बैंक तथा वित्तीय संस्थालाई प्रवाह गरेको कर्जा तथा सापटीमा वृद्धि भएको कारण |
| ग्राहकहरुलाई प्रवाह गरेको कर्जा तथा सापटी | १४,२९,३६,८८३ | १३,५४,५७,५१३ | (७४,७९,३७०) | (५%) | |
| धितोपत्रमा गरेको लगानी | २,१९,१५,२९२ | २,३५,८२,६६० | १६,६७,३६८ | ८% | |
| चालू कर सम्पत्ति | १,८२,०९८ | ७,४८,९१२ | ५,६६,८१४ | ३११% | नाफामा ह्रास आएसंगै आयकर घटेको कारण |
| सहायक कम्पनीमा लगानी | २,३८,१६० | १,७१,५०० | (६६,६६०) | (२८%) | M Nepal मा लगानी घटेर सम्बद्ध कम्पनीमा परिणत भएको कारण |
| सम्बद्ध कम्पनीमा लगानी | ३३,२८९ | ८२,३६३ | ४९,०७४ | १४७% | M Nepal मा लगानी घटेर सम्बद्ध कम्पनीमा परिणत भएको कारण |
| सम्पत्तिमा लगानी | - | २,६५,९८३ | २,६५,९८३ | १००% | गैर बैकिङ सम्पत्तिलाइ (gross value) मा प्रस्तुत गरेको कारण |
| सम्पत्ति र उपकरण | ४१,१०,०८९ | ४०,१०,७५५ | (९९,३३४) | (२%) | |
| गुडवील (ख्याती) र अमुर्त सम्पत्ति | ६७,७६४ | १,२४,६१९ | ५६,८५५ | ८४% | सफ्टवयर खरिद गरेको कारण |
| स्थगन कर सम्पत्ति | - | - | - | - | |
| अन्य सम्पत्ति | १७,०६,६६६ | १३,५४,७७१ | (३,५१,८९५) | (२१%) | नियमित बैंकिङ्ग कारोवारको कारण |
| **कूल सम्पत्ति** | २०,१३,६५,४९३ | २०,३१,५३,९७० | | | |
| **दायित्व** | | | | | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी कर्जा/सापटी | ४१,२६,००५ | २४,६२,२१७ | (१६,६३,७८८) | (४०%) | बैंक तथा वित्तीय संस्थाको निक्षेप दायित्वमा ह्रास आएको कारण |

| | | | | | |
|---|---|---|---|---|---|
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम | ९,२२,८२६ | २,७२३ | (९,२०,१०३) | (१००%) | पुनरकर्जामा ह्रास भएको कारण |
| व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण | - | - | - | ०% | |
| ग्राहकको निक्षेप दायित्व | १५,८३,८१,९५७ | १६,६३,६२,१२६ | ७९,८०,१६९ | ५% | |
| सापटी | - | - | - | - | |
| चालू कर दायित्व | - | - | - | - | |
| व्यवस्था रकमहरु | - | - | - | - | |
| स्थगन कर दायित्व | ९,५७,९९० | ९,७३,६०५ | १५,६१५ | २% | |
| अन्य दायित्वहरु | ५०,१७,८२७ | २७,८३,०५२ | (२२,३४,७७५) | (४५%) | नियमित बैंकिङ्ग कारोवारको कारण |
| जारी गरिएको ऋणपत्र | ३२,५०,००० | ३२,५०,००० | - | - | - |
| असुरक्षित सहायक आवधीक दायित्व | - | - | - | - | |
| **कूल दायित्व** | १७,२६,५६,६०५ | १७,५८,३३,७२३ | | | |
| **पूँजी** | | | | | |
| शेयर पूँजी | १,२५,८९,९०७ | १,४२,४८,९५५ | १६,५९,०४७ | १३% | |
| शेयर प्रिमियम | १,०२,२४६ | ३२,५९९ | (६९,६४७) | (६८%) | नाफामा ह्रास आएको कारण |
| सञ्चित मुनाफा | ३८,८२,२६३ | १६,२३,१०० | (२२,५९,१६३) | (५८%) | नाफामा ह्रास आएको कारण |
| जगेडा | १,२१,३४,४७२ | १,१४,१५,५९५ | (७,१८,८७७) | (६%) | |
| **शेयरधनीहरुलाई बाँडफाँडयोग्य कूल इक्विटी** | २,८७,०८,८८८ | २,७३,२०,२४८ | | | |
| **जम्मा दायित्व र पूँजी** | २०,१३,६५,४९३ | २०,३१,५३,९७० | | | |

**नाफा नोक्सान हिसाव** **(रु.हजारमा)**

| विवरण | आ.ब २०७६/७७ | | फरक | | कारण |
|---|---|---|---|---|---|
| | प्रक्षेपित | वास्तविक | रु | % | |
| ब्याज आम्दानी | १,६८,९६,८२३ | १,५१,८३,८५४ | (१७,१२,९६९) | (१०%) | |
| ब्याज खर्च | (९३,०७,०३२) | (९४,२३,६५७) | (१,१६,६२५) | १% | |
| **खूद ब्याज आम्दानी** | ७५,८९,७९१ | ५७,६०,१९७ | | | |
| शुल्क तथा कमिशन आम्दानी | १७,३०,००३ | १५,१३,१६४ | (२,१६,८३९) | (१३%) | |
| शुल्क तथा कमिशन खर्च | (२,५६,४२७) | (३,१५,९९८) | (५९,५७१) | २३% | कार्ड सम्बन्धी खर्चमा वृद्धि भएको कारण |
| **खूद शुल्क र कमिशन आम्दानी** | १४,७३,५७५ | ११,९७,१६५ | | | |
| **खूद ब्याज, शुल्क र कमिशन आम्दानी** | ९०,६३,३६६ | ६९,५७,३६२ | | | |
| खूद व्यापारिक आम्दानी | ७,२१,५६५ | ८,७१,८७३ | १,५०,३०८ | २१% | सटही कारोबारमा वृद्धि भएको कारण |
| अन्य सञ्चालन आम्दानी | २,७५,४७० | २,३०,१२४ | (४५,३४७) | (१६%) | |
| **जम्मा सञ्चालन आम्दानी** | १,००,६०,४०२ | ८०,५९,३५९ | | | |
| कर्जामा सम्भावित क्षती व्यवस्था/( फिर्ता) तथा अन्य नोक्सानीहरु | (३,४०,७४०) | (१८,८०,१४१) | (१५,३९,४०१) | ४५२% | कोरोना तथा अन्य कारणले गर्दा केही कर्जा लगानीमा अतिरिक्त कर्जा नोक्सानी व्यवस्था गर्नु परेको कारण |
| **खूद सञ्चालन आम्दानी** | ९७,१९,६६२ | ६१,७९,२१९ | | | |
| कर्मचारी खर्च | (२०,०१,१२६) | (१४,२६,७४०) | ५,७४,३८६ | (२९%) | कोरोनाले गर्दा कर्मचारीको वार्षिक तलबमा वृद्धि नभएको कारण |
| अन्य सञ्चालन खर्च | (९,४९,६५१) | (८,५६,८११) | ९२,८३९ | (१०%) | |
| ह्रासकट्टी र परिशोधन | (२,३५,५७१) | (२,५९,५२७) | (२३,९५६) | १०% | |
| **सञ्चालन खर्च** | (३१,८६,३४७) | (२५,४३,०७७) | | | |
| **सञ्चालन मुनाफा** | ६५,३३,३१५ | ३६,३६,१४१ | | | |
| गैर सञ्चालन आम्दानी | ६३,८०१ | ३,३१७ | (६०,४८४) | (९५%) | प्रक्षेपण अनुरुप अपलेखित कर्जा असुल हुन नसकेको कारण |
| गैर सञ्चालन खर्च | - | (६,२८८) | (६,२८८) | १००% | कर्जा अपलेखन भएको कारण |
| **आयकर अघिको मुनाफा** | ६५,९७,११६ | ३६,३३,१७१ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **आयकर खर्च** | (१९,७९,१३५) | (१०,६१,५१९) | | | |
| **चालू कर खर्च** | (२१,६६,४१६) | (१०,५४,०२६) | ११,१२,३९० | (५१%) | नाफामा ह्रास आएको कारण |
| **स्थगन कर खर्च** | १,८७,२८१ | (७,४९२) | (१,९४,७७४) | (१०४%) | |
| **यस अवधिको मुनाफा** | ४६,१७,९८१ | २५,७१,६५२ | | | |

**ग.१५.परामर्शदाता/ बिशेषज्ञ सम्बन्धी विवरण :**

**(क) लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

- **लेखापरीक्षक :** यस वित्तीय संस्थाको आ.व.०७६/०७७ को लेखापरिक्षण जोशी एण्ड भण्डारी कम्पनीका चार्टर्ड एकाउण्टेण्ट श्री प्रभुराम भण्डारी रहनु भएको छ ।
- **प्रमुख बैंक :** यस निष्काशनको लागि प्रमुख बैंकको व्यवस्था गरिएको छैन ।
- **निष्काशन कार्यसँग संलग्न बैंक :** "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" पूर्ण रुपमा लागु भईसकेको सन्दर्भमा यो व्यवस्था लागू नहुने ।
- **प्रक्षेपित वित्तीय विवरण तयार पार्ने बिज्ञ :** यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने बिज्ञमा निष्काशनकर्ता बैंक आफै रहेको छ ।
- **प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञको नाम तथा ठेगाना :** यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने बिशेषज्ञमा एम्.बी.श्रेष्ठ एण्ड कम्पनीका चार्टर्ड एकाउन्टेण्ट श्री महेश्वरेन्द्र बहादुर श्रेष्ठ रहेका छन् ।

**(ख) माथि खण्ड १५(क) मा उल्लेखित संस्था वा व्यक्तिसँग सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु**

**ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरणः** लागू नहुने ।

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) **संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारण :** लागू नहुने ।

(ख) **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :** हाल सम्म संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई मुद्दा दायर गरिएको छैन ।

(ग) **विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नु पर्ने :** सो नभएको ।

(घ) **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :** सो नभएको ।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय आरविवि मर्चेन्ट बैकिङ्ग लिमिटेड, काठमाण्डौंमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । कुनै पनि लगानीकर्ताले यस निष्काशनसँग सम्बन्धित विषयमा कुनै गुनासो वा सुझावका लागि सम्पर्क अधिकृत श्री महेश कोइरालालाई निजकै कार्यकक्षमा वा निजलाई कार्यालय समय भित्र ५३४०९३२ र ५३४३२६५ मा सम्पर्क गर्न सकिनेछ ।

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :**

**(क) यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको "८.५०% नेपाल इन्भेष्टमेण्ट बैंक बण्ड २०८४" निष्काशन गर्न शर्तहरु देहाय बमोजिम रहेको छ :**

(अ) **ऋणपत्र निष्काशनको शर्तबन्देजहरु :**ऋणपत्र निष्काशन सम्बन्धी शर्त र बन्देजहरु यस विवरणपत्रको दफा ग.१०.छ मा उल्लेख गरिएको छ ।

(आ) **ऋणपत्रको अवधि (Maturity Period) :** यस ऋणपत्रको अवधि ऋणपत्र बाँडफाँड भएको दिनबाट ७ (सात) वर्षको हुनेछ सो अवधि पश्चात कम्पनीले यस ऋणपत्रको साँवा र अन्तिम किस्ताको तिर्न बाँकी ब्याज रकम एकमुष्ठ भुक्तानी गर्नेछ ।

(इ) **निष्काशन गरिने ऋणपत्रको रकम :** प्रति ऋणपत्र रु.१,०००/– अंकित मूल्यका ४० लाख कित्ता ऋणपत्रले हुन आउने कुल रु.४ अर्व ऋणपूँजी रकममध्ये रु.१६० करोड ऋणपूँजी रकम बराबर प्रति ऋणपत्र रु.१,०००/– अंकित मूल्यका १६ लाख कित्ता ऋणपत्र (सो मध्ये ५% अर्थात ८०,००० कित्ता ऋणपत्र सामुहिक लगानी कोषका लागि छुट्टयाएको समेत) सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशन तथा रु.२ अर्व ४० करोड ऋणपूँजी रकम बराबर प्रति ऋणपत्र रु.१,०००।- अंकित मूल्यका २४ लाख कित्ता ऋणपत्र विभिन्न व्यक्ति वा संघ-संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिनेछ ।

(ई) **ऋणपत्र साधारण शेयरमा परिणत हुने वा नहुने :** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र ७ (सात) वर्षको अवधि पश्चात एकमुष्ठ रुपमा भुक्तानी गरिने भएकोले उक्त ऋणपत्र साधारण शेयरमा परिणत नहुने ।

(उ) **ऋणपत्रको ब्याजदर (Coupon Interest Rate) र ब्याज भुक्तानी गर्ने अवधि/समय (Interest Payment Period) :** यस ऋणपत्रको वार्षिक ब्याजदर ८.५०% हुनेछ । यस ऋणपत्रमा आर्जित ब्याज रकममा आयकर ऐन अनुसार कर लाग्नेछ । यस ऋणपत्रमा आर्जित ब्याज रकम प्रत्येक आर्थिक वर्षको प्रथम अर्धवार्षिक (पौष मसान्त) र द्वितीय अर्धवार्षिक (आषाढ मसान्त) समाप्त भए पश्चात भुक्तानी दिइनेछ । ब्याज रकम भुक्तानी दिँदा प्रथम अर्धवर्षिक (पौष मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम हरेक वर्षको माघ १ गतेदेखि र द्वितीय अधवार्षिक (आषाढ मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम हरेक वर्षको श्रावण १ गतेदेखि भुक्तानी गरिनेछ ।

(ऊ) **ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) सम्बन्धी व्यवस्था :** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रलाई निर्धारित ७ (सात) वर्ष समयावधिमा फिर्ता भुक्तानी गर्नका लागि कम्पनीले ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) को व्यवस्था गर्नेछ । ऋणपत्रको अवधिमा कम्पनीको नाफा नोक्सान बाँडफाँड हिसाब खाता (Profit & Loss Appropriation A/c) बाट ऋणपत्र निष्काशन भएको दोस्रो वर्ष देखि ६ (छ) वर्ष सम्म वार्षिक रु ६६ करोड ६६ लाख ६६ हजार ६ सय ६७ का दरले हुने रकम ऋणपत्र भुक्तानी जगेडा कोषमा रकमान्तरण गरिनेछ । बैंकले कुनै आर्थिक वर्षमा मुनाफा आर्जन गर्न नसकेको खण्डमा समेत सो वर्षमा ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) मा रकमान्तरण गर्नु पर्ने रकम रकमान्तरण गरिनेछ । यदि बैंकको कुनै आर्थिक वर्षमा मुनाफा नभएमा अघिल्लो वर्षहरुको संचित मुनाफाबाट ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) मा रकमान्तरण गर्नु पर्ने रकम रकमान्तरण गरिनेछ ।

**ऋणपत्र भुक्तानी जगेडा कोषको हालसम्मको मौज्दात**

| ऋणपत्र जारी मिति | ऋणपत्र रकम | भुक्तानी जगेडा कोषको असोज सम्मको मौज्दात |
|---|---|---|
| २०७०।०४।०६ | रु.५०,००,००,०००/- | रु.५०,००,००,०००/- |
| २०७१।०४।११ | रु.७५,००,००,०००/- | रु.६४,२८,५७,१४२/- |
| २०७६।०३।०४ | रु.२,००,००,००,०००/- | रु.३३,३३,३३,३३३/- |

(ए) **ऋणपत्रवालाको अधिकार :** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिद गर्न ऋणपत्रधनीहरुलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम ऋणपत्रधनीलाई प्राप्त हुने सम्पूर्ण हक सुविधा प्राप्त हुनेछ । तर त्यस्तो ऋणपत्रधनीहरुलाई बैंकको साधारण सभामा भाग लिन र मतदात गर्ने अधिकार हुने छैन । कथंकदाचित बैंक टाटपल्टेमा यस विवरणपत्र मार्फत निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताहरु भन्दा पछाडी मात्र हुनेछ ।

(ख) **संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको हक सम्बन्धी विवरण :** यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण (Unsecured Debt) भएको र कथंकदाचित बैंक टाटपल्टिएमा अन्य सुरक्षित साहु र निक्षेपकर्ता भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण (Subordinate Debt) भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक बैंकको सम्पत्तिमा ऋणपत्रधनीको कुनै निर्दिष्ट हक (Specific Charge) अधिकार हुने छैन । यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रधनीको बैंकको सम्पत्तिमा द्वितीय हक हुनेछ । बैंकको सम्पत्तिमा सुरक्षित साहु र निक्षेपकर्ताको प्रथम हक लाग्नेछ । बैंकको सम्पत्ति मध्ये प्रथम हकवालको रकम आषाढ मसान्त २०७७ मा रु.१६८ अर्ब रहेको छ ।

(ग) **ट्रष्टीको नाम, ठेगाना तथा ट्रष्टी र कम्पनी बीच भएको सम्झौता (Trustee Deed) को प्रमुख बुँदाहरुः**
ऋणपत्र निष्काशन गर्दा ट्रष्टी नियुक्त गर्नु पर्ने ब्यबस्था अनुरुप निम्नानुसार ऋणपत्र ट्रष्टीको ब्यबस्था गरिएको छ ।

**(अ) ट्रष्टीको नाम तथा ठेगाना :** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त श्री आरविवि मर्चेन्ट बैकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौ रहेको छ ।

**(आ) ऋणपत्र ट्रष्टी भए बापत लिने सेवा शुल्क :** यस विवरणपत्र मार्फत सर्वसाधारणमा तथा व्यक्तितग तवरबाट विभिन्न व्यक्ति वा संघ संस्थालाई बिक्री गरिने ऋणपत्रको ट्रष्टीको रुपमा नियुक्त श्री आरविवि मर्चेन्ट बैकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौलाई उक्त सेवा प्रदान गरे बापत वार्षिक रु.३०,०००/–(अक्षरुपी तिस हजार रुपैंया मात्र) का दरले (जसमा प्रथम वर्षको ट्रष्टी सेवा शुल्कमा छुट) एकमुष्ठ रु.१,८०,०००/–(अक्षरुपी एक लाख असी हजार रुपैंया मात्र) ट्रष्टी सेवा उपलब्ध गराएको समयावधिका लागि सेवा शुल्कको रुपमा भुक्तानी दिइनेछ ।

**(इ) ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले तोकेको ब्यक्तिको नाम तथा पद योग्यता तथा अनुभव :** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले उक्त कम्पनीको मर्चेन्ट बैंकिङ्ग बिभाग प्रमुख श्री महेश कोइरालालाई सम्पर्क ब्यक्तिको रुपमा तोकेको छ । निजले एमबिए सम्मको शैक्षिक योग्यता हासिल गरी करिब ३ वर्ष भन्दा बढी मर्चेन्ट बैकिङ्ग क्षेत्रको कार्य अनुभव हासिल गर्नु भएको छ ।

**(ई) ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र समाधान गर्ने सम्बन्धमा गरेको ब्यवस्था :** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र सो को समाधान गर्ने सम्बन्धमा तोकिएको सम्पर्क व्यक्ति मार्फत वा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको कार्यालय मार्फत आवश्यक व्यवस्था गरेको छ । साथै गुनासाहरु लिखित रुपमा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा जम्मा गराउनु पर्नेछ । लगानीकर्ताहरुले देहाएको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाब प्रेषित गर्न सक्ने छन् :
गुनासो सुन्ने अधिकारीको नाम : श्री महेश कोइराला
इमेल : mahesh.koirala@rbbmbl.com.np
फोन नं.०१-५३४०९३२ र ०१-५३४३२६५

**(उ) ऋणपत्र निष्काशन गर्ने बैंक र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ बमोजिम सम्झौता भएको कुरा :** ऋणपत्र निष्काशन गर्ने बैंक र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुरुप मिति २०७६/१२/०६ मा सम्झौता गरिएको छ ।

**(ऊ) ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यबस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप भएको कुरा :** ऋणपत्रट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यबस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप गरिएको छ ।

**(ए) ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको कुरा :** ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको छ ।

**(ऐ) ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यबस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा सो उपलब्ध गराउने सम्बन्धमा गरिएको व्यवस्था :** ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक ब्यबस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा ऋणपत्र ट्रष्टी वा कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी हेर्न वा जान्न सकिने व्यवस्था गरिएको छ ।

**(ओ) अन्य :**

- ऋणपत्र ट्रष्टीले ऋणपत्रवालाहरुको हित संरक्षण गर्ने ।
- बैंकले ऋणपत्र ट्रष्टीलाई आफ्नो वित्तीय कारोबारको परिष्कृत आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र अनिवार्य रुपमा पठाउनु पर्ने ।
- ऋणपत्र ट्रष्टीले कम्पनीले स्थापना गरेको ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) को अनुगमन गर्ने ।
- बैंकले पुन: अर्को ऋणपत्र निष्काशन गर्नु परेमा ऋणपत्र ट्रष्टीको पूर्व स्वीकृती लिनुपर्ने ।

(घ) **परिवर्तनशील ऋणपत्र जारी गरिने भएमा ऋणपत्रको परिवर्तन अनुपात, मूल्य, प्रिमियम तथा परिवर्तन मिति, मताधिकारको व्यवस्था :** सो नभएको ।

(ङ) **ऋणपत्र जारी गर्नुको उद्देश्य तथा सम्पन्न हुने कार्य योजना :**

- बैंकले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
- बैंकको पुरक पूँजीकोष (Supplimentary Capital) बृद्धि गर्न ।
- प्रबन्धपत्रमा उल्लेख गरिएका उद्देश्य अनुरुप गर्नुपर्ने कार्यहरुका लागि आवश्यक पर्ने पूँजी जुटाउन ।

(च) **जारी पूँजी चुक्ता भएको/नभएको :** बैंकको जारी पूँजी सम्पूर्ण चुक्ता भैसकेको ।

(छ) **यस भन्दा अगाडी जारी भएको ऋणपत्रको विवरण :**

यस भन्दा अगाडी बैंकले मिति २०७१/०४/११ मा रु.७५ करोड र २०७६/०३/०४ मा रु.२ अर्ब बराबरको सात वर्ष अवधिको वार्षिक क्रमश: ८%, र १०.५% ब्याजदर भएको ऋणपत्रहरु जारी गरेको थियो । उक्त ऋणपत्रको भुक्तानी गर्नका लागि ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) खडा गरी वार्षिक रुपमा रु.४४,०४,७६,१९०/– का दरले हाल सम्म रु.१,४७,६१,९०,४७५/– जम्मा गरिएको छ ।

(ज) **अन्य :**

- यो ऋणपत्र नेपाल इन्भेष्टमेण्ट बैंक बाहेक अन्य बैंक वा वित्तीय संस्थामा धितो राखी ऋण लिन सक्नेछ ।
- यस ऋणपत्रलाई नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचिकरण तथा दर्ता गराई खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।
- ऋणपत्रको ब्याज भुक्तानी गर्ने स्थान : यस ऋणपत्र धारण गर्ने ऋणपत्रधनीले निजले धारण गरेको ऋणपत्रमा आर्जित ब्याज रकम नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडको कुनै पनि शाखाबाट वा कम्पनीले तोकेको स्थानबाट ऋणपत्रधनीले डिम्याट खाता खोल्दा पेश गरेको बैंक खातामा ऋणपत्रको ब्याज भुक्तानी लिन सक्ने गरी निष्काशन गरिएको छ ।
- ऋणपत्रको बाँडफाँड पश्चात बाँडफाँडमा पर्ने सम्पूर्ण ऋणपत्रधनीहरुलाई बाँडफाँड भएको दिन देखिको पहिलो अर्धवार्षिकको ब्याज रकम सो अर्धवार्षिक अवधिको समाप्ति पश्चात भुक्तानी दिइनेछ । यस ऋणपत्र धारण गर्ने प्रत्येक ऋणपत्रधनीलाई ब्याज रकम भुक्तानी गर्नका लागि निजहरुले डिम्याट खातामा उल्लेख गरेको बैंक खातामा जम्मा गरिने छ । साथै व्यक्तिगत तवर (Private Placement) बाट जम्मा गरिने ऋणपत्रको रकमको हकमा विशेष कारणबस चेक बाट लगानी रकम बैंकको खातामा निवेदन साथ जम्मा भएको रकमको खण्डित अवधिको ब्याज भुक्तानीमा दिइने ब्याजदर वार्षिक ०.५ प्रतिशतका दरले प्रदान गरीने छ ।
- **नेपाल राष्ट्र बैंकबाट ऋणपत्र निष्काशन गर्न स्वीकृत प्रदान गर्दा तोकिएका शर्तहरु निम्न अनुसार रहेको छ :**

  यस नेपाल इन्भेष्टमेण्ट बैंकले निष्काशन गर्न लागेको "८.५०% नेपाल इन्भेष्टमेण्ट बैंक बण्ड २०८४" ऋणपत्र निष्काशन गर्नका लागि नेपाल राष्ट्र बैकद्वारा मिति २०७७/०४/१४ को पत्र मार्फत देहाय बमोजिमका शर्तहरु पालना गर्नुपर्ने भनी स्वीकृति प्रदान गरेको ।

  १) कुनै पनि सुरक्षण नराखी "८.५०% नेपाल इन्भेष्टमेण्ट बैंक बण्ड २०८४" निष्काशन गर्नुपर्ने ।
  २) ऋणपत्रको अवधि ७ वर्षको हुने ।
  ३) प्रस्तावित ऋणपत्रमा प्रदान गरिने व्याज ६/६ महिनामा (साउन १ र माघ १) मा भुक्तानी गर्नुपर्ने, प्रस्ताव गरे बमोजिम ऋणपत्रको वार्षिक व्याजदर ८.५० प्रतिशत हुनुपर्ने र आर्जित व्याज रकममा आयकर ऐन अनुसार आयकर लाग्ने व्यवस्था गर्नुपर्ने ।
  ४) बैंक विघटन भएको अवस्थामा "८.५०% नेपाल इन्भेष्टमेण्ट बैंक बण्ड २०८४" को भुक्तानी निक्षेपकर्ता भन्दा पछि मात्र हुने ।
  ५) "८.५०% नेपाल इन्भेष्टमेण्ट बैंक बण्ड २०८४" जारी भएको मितिले ६ महिना भित्रमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकृत गर्नुपर्ने ।
  ६) नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड बाहेक अन्य बैंक तथा वित्तीय संस्थाबाट उक्त ऋणपत्र धितो राखी ऋण लिन सकिने व्यवस्था गर्नु पर्ने ।
  ७) "८.५०% नेपाल इन्भेष्टमेण्ट बैंक बण्ड २०८४" निष्काशन गर्नु अघि विवरणपत्र यस बैंकमा दर्ता गरि प्रकाशन गर्नुपर्ने ।
  ८) "८.५०% नेपाल इन्भेष्टमेण्ट बैंक बण्ड २०८४" को रकम भुक्तानी गर्न बैंकको मुनाफाबाट निष्काशन गरिएको आर्थिक वर्ष र भुक्तानी हुने आर्थिक वर्ष बाहेक बांकी वर्षमा सामानुपातिक आधारमा रकम छुट्टयाई रकम भुक्तानी कोषमा जम्मा गर्नु पर्ने साथै, नाफा नभएको अवस्थामा मुनाफाबाट छुट्टयाउनुपर्ने रकम कुन कोषबाट व्यवस्था गर्ने हो सो स्पष्ट रुपमा विवरणपत्रमा उल्लेख हुनुपर्ने ।
  ९) यदि कुनै पक्षले सो पक्षलाई छुट्याएको ऋणपत्र खरिद नगरेमा सो ऋणपत्र अर्को पक्षलाई खरिद गर्ने व्यवस्था गर्नुपर्ने ।

**२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी व्यबस्था :** नभएको ।

**२२. अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :** प्रक्षेपित वित्तीय विवरण ठिक छ भनि लेखापरीक्षक श्री महेश्वरेन्द्र बहादुर श्रेष्ठले प्रमाणित गर्नु भएको हो । वास्तविक वित्तीय विवरणका आधारमा संगठित संस्थाले तयार गरेको उक्त प्रक्षेपित वित्तीय विवरण NFRS तथा NAS अनुसार नै बनेको भनी लेखापरीक्षक श्री महेश्वरेन्द्र बहादुर श्रेष्ठले आफ्नो राय व्यक्त गर्नुभएको छ ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**

| क.सं. | नाम | परिवर्तन भएको कारण |
|---|---|---|
| १. | श्री दिपक मान शेरचन | ब्यक्तिगत कारणले राजिनामा । |
| २. | श्री पि.आर भण्डारी एण्ड कम्पनीका प्रभु राम भण्डारी | कम्पनी ऐनको दफा १११ मुताबिक लगातार ३ वर्ष भन्दा बढी लेखापरिक्षकमा नियुक्त हुन नसक्ने भएकोले निजको स्थानमा नयाँ नियुक्ती । |
| ३. | श्री वीर विक्रम रायमाझी | बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १८(१)(ङ) तथा दफा १९(१)(क) को कारणले सञ्चालकको पदमा बहाल रहन नसक्ने भएकोले राजिनामा दिनुभएको । |
| ४. | मोहन मदन बुढाथोकी | पदावधि समाप्त भएकोले अवकाश । |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका बिजेश्वरी, काठमाण्डौं निवासी स्नातकोत्तर (कानून) शैक्षिक योग्यता हासिल गरी विगत ३२ वर्ष देखि निरन्तर रुपमा कानून ब्यबसायीको कार्य गरिरहनु भएको श्री सुधीरमान श्रेष्ठ यस बैंकको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ ।

**(घ) ऋणपत्र निष्काशन गर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

बैंकको नियमावलीको दफा ३५ अनुसार ऋणपत्र वा डिबेन्चर जारी गर्नुपर्ने भएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई प्रचलित कानूनको अधिनमा रही संचालक समितिले निर्णय गरी जारी गर्न सक्ने हुँदा सोही अनुसार बैंकको मिति २०७७/०३/०९ मा बसेको ५३० औं संचालक समितिको निर्णय बमोजिम ८.५० प्रतिशत व्याज दिने गरी सात वर्ष अवधिको लागि रु.४ अर्ब बराबरको ४० लाख कित्ता ऋणपत्र जारी गर्ने निर्णय गरेको छ । जसमध्ये २४० करोड बराबरको निष्काशन व्यक्तिगत तवर र बाँकी १६० करोड बराबरको सार्वजनिक निष्काशन मार्फत बिक्री गरिनेछ ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्न स्थानहरुमा सम्पर्क राखि बैंकको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, दरबारमार्ग, काठमाण्डौं ।

२. धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री आरविवि मर्चेन्ट बैकिङ्ग लिमिटेड, टेकु , काठमाण्डौं ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :** प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि ऋणपत्र सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने प्रति ऋणपत्र रु.१,०००/–अंकित मुल्यका कुल १६ लाख कित्ता ऋणपत्र संख्याको ५% अर्थात ८०,००० कित्ता ऋणपत्रहरु सामुहिक लगानी कोषको लागि छुट्टयाएर सुरक्षित गरिएको छ । यसरी छुट्टयाएको ऋणपत्र सामुहिक लगानी कोष नियमावली, २०६७ बमोजिम बाडंफांड गरिनेछ ।

**(झ) बैंकले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

बैंकले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने बैंकको उद्घोषण रहेको छ । साथै यस बैंकले कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नु पर्ने आ.व.०७५/०७६ सम्मका विवरणहरु पेश गरेको हुनाले सो आर्थिक वर्षसम्म यस बैंक अद्यावधिक रहेको छ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र बिक्री वितरणका लागि नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त सि-आस्वा (CASBA) सदस्य रहेको सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु मार्फत आवेदन दिन सक्नेछन् ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था** :

यस विवरणपत्र अनुसार निष्काशन गरिने ७ वर्ष अवधि तथा ८.५० प्रतिशत ब्याजदर भएको "८.५०% नेपाल इन्भेष्टमेण्ट बैंक बण्ड २०८४" ऋणपत्रलाई ईक्रा नेपाल लिमिटेडले न्यून कर्जा जोखिम (Low Credit Risk) जनाउने **"[ICRANP] LA "(Pronounced ICRA NP L Single A )** रेटिङ्ग मिति २०७७/०३/३१ मा प्रदान गरेको छ । उक्त क्रेडिट रेटिङ्ग प्राप्त गर्ने Instrument लाई समयमा नै वित्तीय दायित्व पुरा गर्ने सम्बन्धमा Adaquate मात्रामा सुरक्षित मानिन्छ । जोखिमको दृष्टिकोणमा यस्ता उपकरणहरु न्यून क्रेडिट जोखिम भएको मानिन्छ । साथै, यस बैंकलाई ईक्रा नेपाल लिमिटेडले **"[ICRANP-IR] A"(Pronounced ICRA NP Issuer Rating Single A)** रेटिङ्ग Re-affirm गरेको छ ।

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :**

यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा निष्काशन तथा बिक्री प्रबन्धक श्री आरविवि मर्चेन्ट बैकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौं रहेको छ ।

**(ड) सकारात्मक पक्षहरु :**

१. देशका अनुभवी तथा दक्ष व्यक्तिहरुद्वारा स्थापित भएकोले यस बैंकको व्यवस्थापन सक्षम तथा प्रभावकारी भएको ।

२. जोखिम लेखाजोखा पश्चात मात्र लगानी तथा कर्जाको अवसरहरुमा कोषको प्रवाह भएको ।

३. स्थापना कालदेखि नै पूर्ण कम्प्युटरीकृत प्रविधिबाट वित्तीय सेवा प्रदान गर्दै आइरहेको ।
४. बैंकिङ्ग क्षेत्रमा द्रुत गतिमा व्यवसाय विस्तार गर्न सफल रहेको ।

**(ढ) शेयर रजिष्ट्रार सम्वन्धि व्यवस्था :** शेयर रजिष्ट्रार सम्वन्धि सम्पूर्ण कार्य आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड, का.म.न.पा. १२ टेकु, काठमाण्डौले गर्ने छ ।

**(ण) धितोपत्र बिक्री खुल्ला अवधि :**
यस विवरणपत्रद्वारा सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणहरुमा जारी गरिने ऋणपत्रहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तिमा ४ कार्य दिन र बढिमा १५ दिन सम्म खुल्ला रहने छ । व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने हकमा धितोपत्र बोर्डबाट स्वीकृति पश्चात खुल्ला हुनेछ र सार्वजनिक निष्काशनसंगै बन्द हुनेछ ।

**ग.२३. विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री पृथ्वी बहादुर पाँडे | अध्यक्ष | |
| २ | श्री सूर्यप्रकाशलाल श्रेष्ठ | संचालक | |
| ३ | श्री प्रजन्य राजभण्डारी | संचालक | |
| ४ | श्री कविकुमार टिवरेवाला | संचालक | |
| ५ | श्री भुवनेश्वर प्रसाद शाह | संचालक | |
| ६. | श्री निरञ्जनलाल श्रेष्ठ | संचालक | मिति २०७७ भदौ ५ मा असामयिक निधन भई पद रिक्त रहेको । |
| ७. | श्रीमती मन्जु बस्नेत | संचालक | |

**३.२४ निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :** संलग्न गरिएको ।

# आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड
## RBB MERCHANT BANKING LTD.

आरविवि मर्चेन्ट बैंकिङ्ग लि.
RBB MERCHANT BANKING LTD.
A subsidiary company of Rastriya Banijya Bank Ltd.

टेकु, काठमाण्डौं, नेपाल ।

**पत्र संख्या :**
**च.नं.:**

च.न. १३१/०७७/०७८

मिति : २०७७/०६/४

श्री नेपाल धितोपत्र बोर्ड,
जावलाखेल, ललितपुर ।

**विषय : ड्यु डेलिजेनस् सर्टिफिकेट बारे ।**

महोदय,
काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १, दरबारमार्गमा रजिष्ट्रार कार्यालय रहेको नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडले निष्काशन गर्न लागेको कुल ४०,००,००० (चालिस लाख) कित्ता ऋणपत्र १६,००,००० कित्ता सार्वजनिक निष्काशन तथा २४,००,००० कित्ता व्यक्तिगत तवर (Private Placement) बाट अंकित मूल्य रु.१,०००/- कायम गरि निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन हामी मञ्जुर गर्दछौ । ऋणपत्र निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार ऋणपत्र बिक्री वितरण गर्ने व्यवस्था मिलाईनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जनकारी गराउँदछौ ।

१) कम्पनीको विवरणपत्र उल्लेख गरिएका विवरण तथा जानकारिहरु हामीलाई यक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पर्ण र सहि भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सहि निर्णय लिन मद्दत हुने देखिन्छ । साथै, कम्पनीको व्यवस्थापकिय, प्राविधिक र आथिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा छ ।

२) प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानुन अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरि त्यहाँ समक्ष पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यलयमा राखिएको छ ।

३) हाम्रो बिचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचिकरण सम्बन्धी व्यवस्था बमोजिम सूचिकरण हुन योग्य छन् ।

४) कम्पनीले निष्काशन गर्न लागेको ऋणपत्रका लागि आवेदन दिने आवेदकहरुलाई ऋणपत्र सम्बन्धी व्यवस्था तथा विवरणहरु तथा दरखास्त फारम सरल तरिकाबाट बितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनी सँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौ ।

५) हामिले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेको छौ । उक्त व्यवस्थाहरुसँग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**
आरविवि मर्चेण्ट बैंकिङ्ग लिमिटेडको तर्फबाट

नाम : बद्री प्रसाद प्याकुरेल

पद : प्रमुख कार्यकारी अधिकृत

दस्तखतः
छापः

फोन : +९७७-१-४२४३२६५, ४२४०९३२/३३, पो.ब.नं.: ६६३ फ्याक्स : ४२४५०१८, ई-मेल : rbbmbl@rbbmbl.com.np, वेबसाईट : www.rbbmbl.com.np

**३.२५ विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :** संलग्न गरिएको ।

# M.B. SHRESTHA & CO.

**Chartered Accountants**
**Sankhamul Road**
**New Baneshwar**

Tel : 4781818
Fax No. : 977-1-4781789
E-mail : mbsshrestha@gmail.com
G.P.O. Box : 720
Kathmandu, Nepal.

**Report on Examination of Prospective Financial Information (PFI)**
**Of**
**Nepal Investment Bank Limited (NIBL)**
**For**
**The Financial years 2077 / 78 to 2079 / 80 B.S.**

**The Board of Directors**
**Nepal Investment Bank Limited (NIBL)**
**Durbar Marg, Kathmandu.**

We have reviewed the accompanying financial highlights of Ashadh 31, 2077 (corresponding to July 15, 2020) including the Projections of Financial Information of NIBL for the financial years 2077/78 to 2079/80. The examination of the projections of the Financial Information as aforesaid have been carried out in accordance with the generally accepted practices applicable to the examination prospective financial information.

Management is responsible for projections including the assumptions set out in the enclosed Note on which it is based.

The projections have been prepared for the issuance of the debentures by NIBL.The projections as aforesaid are prepared using a set of assumptions that include hypothetical assumptions about the future events and management's actions that are not necessarily expected to occur. Consequently, readers are cautioned that this projection may not be appropriate for purposes other than that described above.

Even if the events anticipated under the hypothetical assumptions described above occur, actual results are still likely to be different from the projections since other anticipated events frequently do not occur as expected, and the variation may be material.

Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention which causes us to believe that these assumptions do not provide reasonable basis for the projection, assuming that the hypothetical nature of the assumptions set out in the enclosed Notes. Further in our opinion the projections are properly prepared on the basis of the assumptions and in accordance with Nepal Financial Reporting Standards (NFRS) in so far as applicable in compliance with the prevailing Laws, and Nepal Rastra Bank Directives.

Maheswarendra Bahadur Shrestha, FCA
Chartered Accountant
M.B Shrestha & Co.
**UDIN NO. 200921CA00117wXm95**
Date: September 21, 2020
Kathmandu.

M.B. Shrestha & Co. Auditor Chartered Accountants

ICRA NEPAL

# ICRA Nepal Limited

Ref: ICRAN/076/077/SUR/37

Date: July 15, 2020

Mr. Jyoti Prakash Pandey
Chief Executive Officer
Nepal Investment Bank Limited
Kathmandu, Nepal

Dear Sir,

**Re: Issuer Rating of Nepal Investment Bank Limited**

As you would be aware, ICRA Nepal is required to review all its ratings, on an annual basis or as and when the circumstances so warrant.

The Rating Committee of ICRA Nepal, after due consideration of the latest development in your bank, has reaffirmed the rating at "[ICRANP-IR] A" (pronounced ICRA NP Issuer Rating Single A) to your bank to your bank. Issuers with this rating are considered to have adequate degree of safety regarding timely servicing of financial obligations. Such issuers carry low credit risk. The Rating is only an opinion on the general creditworthiness of the rated entity and not specific to any particular debt instrument.

The aforesaid ratings will be valid up to one year of this letter date and due for surveillance any time before July 13, 2021. However, ICRA Nepal reserves the right to suspend, withdraw or revise the above rating at any time on the basis of new information or unavailability of information or such other circumstances, which ICRA Nepal believes, may have an impact on the rating assigned to you.

The rating as aforesaid, however, should not be treated as a recommendation to buy, sell or hold the instruments issued by you.

You are required to forthwith inform us about any default or delay in repayment of interest or principal amount of any debt instruments/ borrowing. You are also required to keep us forthwith informed of any other developments which may have a direct or indirect impact on the debt servicing capability of the company including any proposal for re-schedulement or postponement of the repayment programmes of the dues/ debts of the company with any lender(s) / investor(s).

You are required to inform us immediately as and when the borrowing limit for the instrument rated, as above, or as prescribed by the regulatory authority (ies) is exceeded.

We thank you for your kind cooperation extended during the course of the rating exercise. Should you require any clarification, please do not hesitate to get in touch with us.

With kind regards,

Yours sincerely,
For ICRA Nepal Limited

ICRA NEPAL LTD KATHMANDU 2011

Kishor Prasad Bimali
Assistant Vice President
Head-Rating Division

Rajib Maharjan
Senior Analyst

Regd. Office :
Sunrise Bizz Park - 6th Floor,
Dillibazar, Kathmandu, Nepal

Tel. : +977 1 4419910
Tel. : +977 1 4419920

Website : www.icranepal.com
Email : info@icranepal.com

RATING • RESEARCH • INFORMATION